अध्याय चार

# 'माघ १९' पछि एफएम रेडियोको दशा

**विनोद ढुङ्गेल**

राजा ज्ञानेन्द्रबाट शाही घोषणा हुँदैछ भन्ने थाहा पाएपछि २०६१ माघ १९ गते मङ्गलबार सबै स्वतन्त्र रेडियो स्टेसनहरूमा सतर्कता अपनाइएको थियो । त्यस्तो सतर्कता कुनै खतराप्रतिको सचेतता होइन, बरु सरकार नियन्त्रित रेडियो र टेलिभिजनबाट हुन लागेको राष्ट्रव्यापी प्रसारणलाई आफ्नो फ्रिक्वेन्सीमार्फत सुनाउनेतर्फ बढी स्पष्ट थियो ।

राजा ज्ञानेन्द्रबाट बिहान १०:०० बजेदेखि 'राष्ट्रको नाममा बक्सेको शाही सम्बोधन' ३० मिनेट १७ सेकेण्डसम्म बज्यो ।[१] शाही घोषणामा सञ्चार क्षेत्रको सन्दर्भ पनि यसरी परेको थियो– "स्वतन्त्र सञ्चार क्षेत्र प्रजातन्त्रको चेतना वृद्धि गर्ने माध्यम हो । राष्ट्रिय हितको सम्बर्द्धनमा यसको विशेष भूमिका रहन्छ । शासन शैलीसँगै जीवनपद्धतिलाई नै प्रजातान्त्रिक मूल्य र आदर्शबाट प्रेरित बनाउन सञ्चार माध्यमले सशक्त योगदान दिनेछन् भन्ने हामीले विश्वास

[१] रेडियो नेपालबाट प्रसारित शाही घोषणाको कम्युनिकेसन कर्नरमा तत्काल गरिएको अडियो रेकर्डअनुसार ।

लिएका छौं" (गोरखापत्र २०६१ङ) । कुल पन्ध्र परिच्छेदको शाही घोषणाको चौधौं परिच्छेदको बीचमा परेका यी राजबोली कतिपय स्वतन्त्र रेडियोका श्रोताले सुन्नै पाएनन् । कारण– शाही घोषणा भइरहँदा नै शाही नेपाली सेनाका टुकडीहरू सञ्चार गृहहरूमा पुगिसकेका थिए र तिनले केही एफएम स्टेसनलाई शाही सम्बोधन पनि पूरै प्रसारण गर्न दिएनन् (घिमिरे र योगी सन् २००५: ११२) ।

राजाको घोषणापछि सम्पूर्ण सञ्चारसम्पर्कहरू विच्छेद गरिएको थियो । त्यसैले देशभरिका स्वतन्त्र रेडियोहरूमा पनि स्थानीय सुरक्षा अधिकारीका तजबिजी आदेशहरूमार्फत प्रसारणसम्बन्धी निर्देशन दिइए । यसैको परिणामस्वरूप देशभरिका अलगअलग रेडियो स्टेसनले अलगअलग समयमा अलग-अलग किसिमको परिस्थितिको सामना गर्नुपरेको देखिन्छ । यसले केन्द्रदेखि स्थानीय स्तरसम्म स्वेच्छाचारी शासन रहेको प्रस्टयाउँछ ।

यस लेखमा २०६१ माघ १९ पछि एफएम रेडियोको अवस्थाको चर्चा गरिएको छ । लेखलाई प्रमुख पाँच खण्डमा विभाजन गरिएको छ– एफएम रेडियोमाथि सरकारी दमन, त्यसले रेडियोमाथि पारेका अनेक खाले असर, प्रतिरोधका गतिविधि र समाधान/उपायको खोजी । अन्तमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## सरकारी दमन

नेपाल अधिराज्यको संविधान २०४७ र त्यसपछि बनेको राष्ट्रिय प्रसारण ऐन २०४९ ले स्वतन्त्र रेडियो प्रसारणका लागि आधारभूमि खडा गरिदियो । तर एफएम रेडियोमार्फत समाचार र समाचारमूलक कार्यक्रमको निर्बाध प्रसारणको नीति नियम निर्माणतिर कुनै पनि सरकार लागेनन् । बरु अनेक सर्त र निर्देशनमार्फत तिनको दायरा खुम्च्याउनपट्टि नै राज्य लागिपऱ्यो । प्रजातान्त्रिक भनिएका सरकारका पालामा पनि यस्ता अवरोधहरू नेपाली एफएम रेडियोले झेल्दै आएका थिए । २०५७ साल माघमा सूचना तथा सञ्चारमन्त्री जयप्रकाश गुप्ताका पालामा एफएम रेडियोको समाचार प्रसारणलाई बाधा पुग्ने गरी दिइएको निर्देशनलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ । तर कानूनी आधार जीवितै रहेकाले अदालतको आदेशका सहारामा निर्देशन लागू हुन पाएन ।[२] माघ १९ पछिको सरकारले भने यसका लागि भएका आधारहरू पनि असंवैधानिक तवरले निमिटयान्न पारिदियो र जटिल स्थिति सिर्जना गरिदियो ।

---

[२] थप जानकारीका लागि अध्याय ३ हेर्नुहोस् ।

### *सैन्य हस्तक्षेप*

माघ १९ को शाही घोषणापछि नेपालका एफएम रेडियोहरू अत्यन्तै नाजुक स्थितिबाट गुज्रे। एफएम स्टेसनमा एक्कासी सैन्य हस्तक्षेप भयो। हस्तक्षेपको प्रक्रिया भने एकनासको थिएन। शाही घोषणा हुँदै गर्दा रुपन्देहीका बुटवल एफएम, रुपन्देही एफएम, तिनाउ एफएम र रेडियो लुम्बिनीमा प्रवेश गरेका शाही नेपाली सेनाले गीतबाहेक कुनै कार्यक्रम प्रसारण नगर्न निर्देशन दिए। चितवनका दुई एफएम कालिका एफएम र सिनर्जी एफएममा शाही घोषणा हुँदै गर्दा सेना प्रवेश गरी स्टेसन बन्द गर्न निर्देशन दिएपछि शाही सम्बोधनसमेत पूरै प्रसारण हुन पाएन। पाल्पामा रहेको रेडियो मदनपोखरामा शाही घोषणा सकिएपछि १२:०० बजेतिर सेना प्रवेश गरेर गीतबाहेक कुनै पनि कार्यक्रम प्रसारण नगर्न चेतावनी दिए।

पाल्पामा रहेको पश्चिमाञ्चल एफएम, मुक्तिनाथ एफएम र श्रीनगर एफएममा ११:०० बजे सेना प्रवेश गरेर कार्यक्रम रोक्न निर्देशन दिए। पोखराका रेडियो अन्नपूर्ण, पोखरा एफएम, हिमचुली एफएम र माछापुच्छ्रे एफएममा शाही घोषणा सकिनेबित्तिकै सेना प्रवेश गरेर सबै कर्मचारीलाई निकाली ताल्चा मारेर एफएमलाई नियन्त्रणमा लिए। सप्तकोशी एफएम (मोरङ) र कोशी एफएम (मोरङ), सप्तकोशी एफएम (इटहरी), मनकामना एफएम (हेटौँडा), रेडियो वीरगञ्ज (पर्सा), वागेश्वरी एफएम (नेपालगञ्ज), सैपाल एफएम (बझाङ), घोडाघोडी एफएम (कैलाली), रेडियो स्वर्गद्वारी (दाङ), विजय एफएम (नवलपरासी), रेडियो पालुङ (मकवानपुर) आदि एफएम स्टेसनमा सेनाले कहीँ गीत मात्र बजाउने निर्देशन दिए भने कहीँ पूरै प्रसारण बन्द गर्न लगाए (घिमिरे र योगी सन् २००५: ११२-१५)।

राजधानीमा रहेका एफएम स्टेसनहरूमा पनि फरकफरक समयमा सेना तैनाथ गरियो। काठमाडौँ उपत्यकामा सञ्चालित स्वतन्त्र रेडियोहरूमध्ये रेडियो सगरमाथा, कान्तिपुर एफएम, इमेज एफएम, रेडियो एचबीसी, रेडियो सीटी, टाइम्स एफएम, अध्यात्मज्योति एफएम, मेट्रो एफएम, भक्तपुर एफएम, हिट्स एफएम शाही सम्बोधन सुरु नहुँदै सेनाले कब्जा गरे। ललितपुरको बाडेगाउँमा रहेको पर्यावरण चक्र एफएमलाई भने फोनबाट गीतबाहेक केही पनि नबजाउन भनियो, नेपाल एफएममा पछि मात्रै सेना पुगे।

सैनिकहरू स्टेसनमा प्रवेश गरेपछि कोही पनि बाहिर ननिस्कन चेतावनी दिइयो भने बाहिरबाट कसैलाई पनि भित्र पस्न दिइएन। शाही घोषणा समाप्तिको लगत्तै टेलिफोन नकाटिउञ्जेलसम्म टेलिफोन नगर्न तथा आएको टेलिफोनसमेत

नउठाउन चेतावनी दिइयो । गीतबाहेकका सबै कार्यक्रम प्रसारणमा रोक लगाइयो । सैनिकहरू स्टेसन परिसर, समाचार कक्ष, प्रसारण कक्ष तथा छतमा समेत तैनाथ गरिए ।

शाही घोषणा सकिनुअघि नै झन्डै एक दर्जन शाही नेपाली सेना कान्तिपुर एफएमको नियमित समाचार बुलेटिन नै सेन्सर गर्ने हिसाबले समाचार कक्षमा पुगे । सेनाका सेनानी कान्तिपुर एफएमका 'प्रधान सम्पादक' सरह बने । उनकै निर्देशनमा १९ गतेका सबै बुलेटिनमा शाही घोषणा मात्र प्रसारण भयो ।[३] ढिलो वा चाँडो पर्यावरण चक्र एफएमबाहेक सबै रेडियो स्टेसनमा माघ १९ गते नै सेना पुगेका थिए । सेनाले सबै एफएमको स्टुडियो, समाचार कक्ष र स्टेसन परिसरमा बसेर पूर्ण नियन्त्रण कायम गरेका थिए । गीतबाहेक अन्य कुनै कार्यक्रम प्रसारण गर्न नदिए पनि उपत्यकाबाहिर जस्तो राजधानीका एफएमको प्रसारण पूरै रोकिएन । केही एफएम स्टेसनमा भने त्यहाँ पुगेको सेनाले के गर्दा पूरै बन्द गर्न सकिन्छ भन्नेसम्मको जानकारी लिएका थिए ।

नेपाल एफएम, कान्तिपुर एफएम (हेर्नुहोस् अध्याय ७ पनि) र पर्यावरण चक्र एफएमले माघ २० गते दिउँसोसम्म समाचार बुलेटिन बजाएका थिए र त्यसपछि बन्द गराइएको थियो । बीबीसी नेपाली सेवा र विश्व सेवाका केही कार्यक्रमहरूको रेडियो सगरमाथाबाट नियमित रूपमा भइरहेको रिले प्रसारण बन्द गराइएको थियो । चार दिनदेखि स्टेसनहरूमा तैनाथ सैनिकहरू माघ २३ गते दिउँसो कन्ट्रोल रुम र छतबाट हटेका थिए, तर समाचार कक्ष तथा परिसरमा सैन्य नियन्त्रण कायमै रहेको थियो । माघ २५ गते अपराह्न ४:०० बजेतिर मात्र स्टेसनबाट सैनिकहरू फिर्ता भएका थिए ।

यसरी सात दिनसम्म एफएम स्टेसनहरू २४ सै घण्टा सैन्य कब्जामा थिए । कार्यक्रम उत्पादकहरूले समेत स्टेसनमा आउन जान कडा निगरानी वा खानतलासी बेहोर्नुपर्दथ्यो । स्टेसनको परिचयपत्र भएकाबाहेक सबैलाई प्रवेश निषेध गरिएको थियो । सैनिकहरूले पटकपटक कार्यक्रम उत्पादक तथा स्टेसनका पदाधिकारीहरूलाई धम्क्याएका थिए र मानसिक दबाब दिएका थिए । रेडियो सगरमाथामा भने सेनाका १८ जवान सुत्नका लागि कार्यक्रम उत्पादकहरूको एउटा कोठा नै कब्जा गरिएको थियो ।[४] उनीहरू राति त्यहीँ सुत्थे । दिउँसो छत

---

[३] नेपाल पत्रकार महासङ्घ, केन्द्रीय कार्यालयमा महासङ्घको कान्तिपुर एफएम शाखाका सभापति श्रीराम पौडेलले पठाएको जानकारी पत्र ।

[४] रेडियो सगरमाथाका घमराज लुइँटेलसँगको कुराकानी र तत्कालीन अवस्थाको स्थलगत अध्ययनमा आधारित ।

वा मुख्य ढोकाका साथै स्टुडियोमा समेत 'डच्युटी' गर्थे । उनीहरूलाई 'माओवादी आतङ्ककारी'ले रेडियोमार्फत बोल्न सक्छन् भनेर तिनका 'हाकिम'हरूले थप संवेदनशील बनाएका रहेछन् ।[५]

काठमाडौँ उपत्यकाबाहिरको स्थिति झन् त्रासद् रह्यो । यसै पनि तुलनात्मक हिसाबले सुरक्षाकर्मीको सक्रियता राजधानीभन्दा राजधानीबाहिर बढी हुने गरेकोमा शाही घोषणाले त्यसलाई बढाइदिएको थियो । सुनसरीको इटहरीमा सञ्चालित सप्तकोशी एफएममा माघ १९ गते बिहान १०:०० बजेदेखि २३ गतेसम्म कन्ट्रोल रुममा समेत गरी १९ जना सैनिकहरू तैनाथ गरिए । २४ गते अपराह्न मात्र सैनिकहरूले स्टेसन छाडे । यो अवधिमा कार्यक्रमको रेकर्ड अग्रिम रूपमा शाही नेपाली सेनाको पूर्वी पृतनामा बुझाउनुपर्ने र पृतनाले स्वीकृति दिएका कार्यक्रमहरू मात्र प्रसारण गर्न आदेश दिइएको थियो । धनकुटाको भेडेटारमा रहेको इमेज एफएमको रिले स्टेसन एक हप्तासम्म पूरै बन्द भयो । कान्तिपुर एफएमको भेडेटार प्रसारण भने चालू रह्यो ।

शाही घोषणापछि बन्द गरिएको सोलुखुम्बुको दोर्पु बजारमा स्टेसन रहेको सोलु एफएम २० गते बेलुका गीत मात्र बजाउने गरी प्रसारण चालू गर्न गुल्मपतिले अनुमति दिएका थिए । माघ २४ गते जिल्ला विकास समिति र सोलु एफएमको सहकार्यमा सञ्चालित *सोलुको सेरोफेरो* कार्यक्रम स्थानीय विकास अधिकारीको मौखिक आदेशमा बन्द गराइयो ।

जुम्लाको सदरमुकाम खलङ्गामा अवस्थित रेडियो कर्णालीको स्टेसनमा शाही घोषणा सकिएपछि सेना पसे र सबै कर्मचारीलाई निकालेर तालाबन्दी गरे । रेडियोका अधिकारीहरूले ब्यारेकमा गएर पटकपटक प्रयत्न गर्दा आठ दिनपछि माघ २७ गते मात्र स्टेसनको ताल्चा खोलिएको थियो । मनोरञ्जनात्मक कार्यक्रम मात्र प्रसारण गर्ने सर्तमा खोलिएको रेडियोले त्यसको भोलिपल्टदेखि गीत बजाउन थालेको थियो । त्यसै गरी बन्द गरिएका रेडियो स्टेसनहरू सिनर्जी एफएम, कालिका एफएम, विजय एफएम, रेडियो लुम्बिनी, बुटवल एफएम, तिनाउ एफएम, हिमचुली एफएम, पोखरा एफएम, रेडियो अन्नपूर्ण, माछापुच्छ्रे एफएम आदि स्टेसनमा सेनाले लगाएको ताल्चा गीत मात्रै बजाउने निर्देशनसहित कुनैमा भोलिपल्ट र कुनैमा पर्सिपल्ट मात्र खोलिएको थियो ।

२०६१ फागुन १६ गते सोलु एफएममा अर्को बिपत्ति आइलाग्यो । रेडियो स्टेसन रहेको क्षेत्रमा बिहान ७:३० बजेतिर गोलीका आवाजहरू सुनिए । शाही

---

[५] कतिपय रेडियो स्टेसनमा खटिएका सैनिकहरूसँगको अनौपचारिक कुराकानीबाट प्राप्त जानकारी ।

नेपाली सेना र माओवादीबीच एक घण्टा जति भिडन्त चलेको थियो । यो भिडन्तले स्वाभाविक रूपमा स्टेसनमा निकै तनाव पैदा गरेको थियो । त्यसपछिका दिनहरूमा सुरक्षाफौजले रेडियोकर्मीहरूलाई मानसिक दबाबपूर्ण व्यवहारहरू गर्ने गरेको सोलु एफएमका रेडियोकर्मीहरूले बताए । त्यति नै बेला माओवादी पक्षले समाचार प्रसारण गर्न दबाब दिए । 'गीतसङ्गीत मात्र बजाउने भए रेडियो कब्जामा पर्ला' भन्ने आशयका अनौपचारिक धम्कीहरू आइरहे । यसले स्वाभाविक रूपमा त्रासपूर्ण वातावरण सिर्जना भयो । त्यसैको पाँच दिनपछि फागुन २१ मा रेडियो वीरगञ्जको ट्रान्समिटर सेनाले नै बिनाकारण कब्जा गऱ्यो, स्टेसनबाट फुकालेर 'अनुसन्धानका लागि' स्थानीय सैनिक ब्यारेकमा पुऱ्यायो र पछि फिर्ता गऱ्यो ।[६] काठमाडौँबाहिरका केही एफएमहरूमा ब्यारेकबाट सेना आफै गएर वा फोनबाट पनि विभिन्नखाले अनावश्यक दबाब, निर्देशन र धम्की दिई नै रहे । माघ १९ पछि बढेको यो सैन्य हस्तक्षेपलाई नियन्त्रण गर्न नागरिक प्रशासनले सक्नु पर्ने हो । तर त्यसो हुन सकेन ।


## *आदेशको बाढी*

शाही घोषणाको भोलिपल्टदेखि नै सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने विभिन्न किसिमका आदेशहरू ओइरिन थाले । राजाको प्रत्यक्ष शासन सुरु भएको भोलिपल्ट लगातार दुईओटा त्यस्ता आदेशात्मक सूचना जारी भए भने त्यसको ठीक एक महिनापछि २०६१ फागुन १९ र २६ मा अरू दुईओटा थपिए । त्यसबाहेक असारमा थप एउटा सूचना जारी भएको पाइन्छ । २०६१ माघ २० गते सूचना तथा सञ्चार मन्त्रालयले जारी गरेको सूचना नै स्वतन्त्र रेडियोमाथिको पहिलो नियन्त्रणात्मक आदेश थियो । यसले शाही घोषणाको भावना र मर्म विपरीत हुने गरी एवं आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि र आतङ्कवादलाई प्रत्यक्ष वा परोक्ष रूपमा सघाउ पुग्नजाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, पाठ्य-सामग्री, अभिमत वा व्यक्तिगत विचारसमेत प्रसारणमा छ महिनासम्मका लागि निषेध गऱ्यो (गोरखापत्र २०६१क, हेर्नुहोस् तस्बिर ४.१) ।

त्यो सूचनाको समेत उल्लङ्घन हुने गरी सूचना तथा सञ्चार मन्त्रालयले श्रव्य दृश्य तथा प्रसारण शाखाबाट रेडियोहरूलाई माघ २१ गते अर्को निर्देशन जारी गऱ्यो । हरेक रेडियो स्टेसनलाई सम्बोधन गरेर पठाइएको उक्त सूचनामा "विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारको समाचार, सूचना, लेख,

[६] यस रेडियोका प्रवर्द्धकमध्येका एक वीरगञ्जका पत्रकार दीपेन्द्र चौहानसँगको कुराकानीबाट ।

विचार, अभिव्यक्ति लगायतका कुनै कार्यक्रम प्रसारण नगर्न” भनिएको थियो (गोरखापत्र २०६१ख, हेर्नुहोस् तस्बिर ४.२)।



**श्री ५ को सरकार**
**सूचना तथा सञ्चार मन्त्रालयको**
**सूचना**


श्री ५ को सरकारले राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ महाराजाधिराज सरकारबाट मिति ०६१।१०।१९ मा बक्सभएको शाही घोषणाको भावना र मर्म विपरीत एवं आतङ्ककारी तथा विध्वंसात्मक र आतङ्कवादलाई प्रत्यक्ष वा परोक्षरूपमा प्रोत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना अभिमत वा व्यक्तिगत विचारसमेत प्रसारण गर्नमा यो सूचना प्रकाशन भएको मितिले ६ महिनासम्म निषेध गरिएको छ। कसैले यो सूचना उल्लङ्घन गरी निषेधित कुराहरू प्रसारण गरेमा राष्ट्रिय प्रसारण ऐन, २०४९ को व्यवस्था बमोजिम कारबाही गरिने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तस्बिर ४.१: शाही घोषणाको भावना र मर्मविपरीत प्रसारण नगर्न २०६१ माघ २१ को *गोरखापत्र*, पृ. १ मा प्रकाशित सूचना।

सरकारले माघ २१ गते (*गोरखापत्र*मा २२ गते प्रकाशित) पठाएको पत्रको तत्काल लिखित प्रतिवाद गर्नेहरू कोही देखा नपरेको समयमा नेपाल एफएम ९१.८ को ‘कल साइन’ प्रयोग गरेर काठमाडौँमा प्रसारण हुँदै आएको रेन्बो एफएम प्रालिले मन्त्रालयसँग लिखित पत्राचार गऱ्यो। एफएमका तत्कालीन प्रबन्ध निर्देशक गोपाल गुरागाईंद्वारा मन्त्रालयलाई माघ २५ गते लेखिएको पत्रमा “मन्त्रालयले पठाएको निर्देशनमा रहेको ‘सूचना’ भन्ने शब्दले मौसम, बजार भाउ, स्वास्थ्य, सामाजिक, आर्थिक, शैक्षिक, खेलकुद, विज्ञान, प्रविधि, साहित्य जस्ता विषयका सूचनाहरू तथा विज्ञापनलाई समेत प्रभावित पारेकोले अत्यन्तै कठिनाई भएको” उल्लेख गरिएको थियो। “निर्देशनमा उल्लिखित सूचना भन्ने शब्दलाई हटाई वा सबैले एउटै अर्थमा बुझ्नसक्ने गरी स्पष्ट पारिदिन” गुरागाईंले मन्त्रालयलाई अनुरोध गर्नुभयो। तर मन्त्रालयले यो कुरा कहिल्यै स्पष्ट पारेन र रेडियोहरूमाथि पूर्ण नियन्त्रण कायम गर्ने मनसाय दर्शाइरह्यो।

यद्यपि सूचना तथा सञ्चारमन्त्री टङ्क ढकालले सरकारले सञ्चार क्षेत्रलाई प्रतिबन्ध लगाउन नचाहेको कुरा राष्ट्रिय समाचार समितिसँगको कुराकानीमा बताउनुभयो। *द राइजिङ नेपाल*मार्फत उहाँले पछिल्ला घटनाले सञ्चार क्षेत्र

डराउनु नपर्ने आश्वासन पनि दिनुभएको थियो (द राइजिङ नेपाल सन् २००५) । तर यससँगसँगै उहाँले सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने सरकारी चाहना पनि तत्काल सार्वजनिक गरिसक्नुभएको थियो । राष्ट्रिय हितविरुद्ध भ्रामक र अनर्गल प्रचार गर्ने सञ्चारमाध्यमलाई छुट नदिइने उहाँको चेतावनी थियो (गोरखापत्र २०६१ग) ।



श्री ५ को सरकार
सूचना तथा सञ्चार मन्त्रालयको

सूचना

श्री ५ को सरकारले राष्ट्रिय प्रसारण ऐनको दफा ७ एवं राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ८ को खण्ड (च)ले दिएको अधिकार प्रयोग गरी राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ महाराजाधिराज सरकारका संवाद सचिवालयको मिति २०६१/१०/१९ को विज्ञप्तिद्वारा लागू भएको सङ्कटकालमा एफ.एम. रेडियो स्टेसनहरूले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारका समाचार, सूचना, लेख, विचार, अभिव्यक्तिलगायतका कुनै कार्यक्रम प्रसारण नगर्न हुन यो निर्देशन जारी गरिएको छ।

कसैले यो सूचना उल्लङ्घन गरी निषेधित कुराहरू प्रसारण गरेमा राष्ट्रिय प्रसारण ऐन, २०४९ को व्यवस्थाबमोजिम कारबाही गरिने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तस्बिर ४.२: विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम मात्र प्रसारण गर्न २०६१ माघ २२ को *गोरखापत्र*, पृ. १ मा प्रकाशित सूचना ।

त्यसपछि उहाँले नेपालका स्वतन्त्र रेडियोहरूका विरुद्ध विषवमन सुरु गर्नुभयो– “एफएम समाचार दिने माध्यम होइन । यो एउटा मनोरञ्जनात्मक कुराहरू दिने माध्यम हो । ...जे उद्देश्यका निम्ति अनुमति प्रदान गरिएको छ, त्यही बाटोमा जानुपर्छ । संसारमा एफएमहरूले समाचार प्रसारण गरेका त कहीँ छैन नि !” (नेपाल समाचारपत्र २०६१क) ।

शाही घोषणाको ठीक एक महिनापछि २०६१ फागुन १९ गते सूचना तथा सञ्चार मन्त्रालयले *गोरखापत्र*मा सार्वजनिक सूचना प्रकाशन गऱ्यो। उक्त सूचनामा २०६१ माघ २० को सूचनाले निषेध गरेका कुनै कुरा सुरक्षा निकायबाट स्रोतसहितको जानकारी प्राप्त गरेको अवस्थामा बाहेक प्रकाशन वा प्रसारण नगर्न निर्देशन दिइएको थियो (गोरखापत्र २०६१घ)। यो सूचनाले कुनै नयाँ बन्देज खडा गरेको वा नयाँ आदेश जारी गरेको नभई माघ २० गते राजपत्रमा प्रकाशित सूचनालाई सम्झाउँदै सञ्चारमाध्यमलाई तर्साउने काम मात्र गरेको थियो।


सरकारले फागुन २६ गते अर्को आदेश जारी गऱ्यो। यो आदेश माघ २१ गतेको आदेशको निरन्तरता थियो। यद्यपि सूचना तथा सञ्चार मन्त्रालयले सबै रेडियोलाई अलग-अलग पठाएको सो पत्रमा विशुद्ध मनोञ्जनात्मक कार्यक्रमबाहेक अरू केही पनि प्रसारण नगर्न भन्दै २०६१ माघ २० गतेकै सूचनाको पूर्ण पालना गर्न आदेश दिइएको थियो। यो पत्रले स्पष्ट रूपमा सरकारले जथाभावी आदेश दिने गरेको तथ्य प्रमाणित भयो। पत्रमा माघ २० गतेको राजपत्रमा प्रकाशित सूचनालाई उद्धृत गरिएको छ र मनोरञ्जनात्मकबाहेक अन्य कुनै कार्यक्रम प्रसारण नगर्न भनिएको छ, जबकि माघ २० गतेको राजपत्रको सूचनामा त्यस प्रकारको शब्द र सार दुवै पाइँदैन।

सरकारले २०६१ फागुन २६ गते जारी गरेको सूचनामा "सङ्कटकाल लागू रहेको अवस्थामा विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि कार्यक्रम प्रसारण नगर्न" भनिएको थियो। २०६२ वैशाख १६ गतेदेखि लागू हुने गरी सङ्कटकाल नरहेको सूचना वैशाख १७ गते सार्वजनिक भएपछि स्वतन्त्र रेडियोहरूलाई पनि स्वतन्त्रता बहाल हुनुपर्थ्यो। तर त्यसो भएन र समाचार तथा सूचनामूलक कार्यक्रममाथिको प्रतिबन्धलाई निरन्तरता दिइयो।

सङ्कटकाल फिर्ता भएकै दिनदेखि रेडियो स्वर्गद्वारी, दाङले पूर्ववत् समाचार बुलेटिन सुरु गऱ्यो तर यो बुलेटिन प्रसारण भएको दुई दिनपछि जिल्ला प्रशासन कार्यालयले पटकपटक बन्द गर्न दबाब दियो र बन्द गराएरै छाड्यो। सङ्कटकाल नै नरहेको अवस्थामा पनि सरकारका विभिन्न निकायहरूबाट पटकपटक 'सङ्कटकालमा जारी भएका सूचना पालना गर्नू' भन्ने पत्रहरू आउन थाले। जिल्ला प्रशासन कार्यालय, काठमाडौँले सङ्कटकाल हटेको पाँच दिनपछि २०६२ वैशाख २१ गते काठमाडौँ उपत्यकाका एफएमहरूलाई जारी गरेको निर्देशन, कार्यार्थ जिल्ला प्रहरी कार्यालयलाई समेत दिएको थियो। ललितपुरका एफएम स्टेसनहरूलाई ललितपुर जिल्ला प्रशासन कार्यालयले पठाएको पत्रमा पनि विशुद्ध

मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै प्रकारको समाचार, सूचना, लेख, विचार, अभिव्यक्तिलगायतका कार्यक्रम प्रसारण नगर्न आदेश दिइएको थियो ।

यही क्रममा २०६२ साल जेठ १३ गते सूचना तथा सञ्चार मन्त्रालयले रेडियो कार्यक्रम उत्पादक तथा वितरक संस्था कम्युनिकेसन कर्नरलाई एउटा 'अति जरुरी गोप्य' पत्र पठायो जसमा– "... त्यस कर्नरको सञ्चालन अवैधानिक तरिकाबाट गरेको भनी लेखी आएको हुँदा बन्द गर्नुहुन निर्देशानुसार अनुरोध गरिन्छ (हेर्नुहोस् तस्बिर ४.३) ।" कहाँबाट 'लेखी आएको' भनी नखुलाइएको सो पत्रमा रक्षा मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई समेत बोधार्थ तथा कार्यार्थ दिइएको थियो । सो आदेशविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेपछि रहस्य खुल्यो– सञ्चार मन्त्रालयमा रक्षा मन्त्रालयबाट लेखी आएको रहेछ र त्यसको बोधार्थ शाही नेपाली जङ्गी अड्डाको बलाधिकृत विभागलाई दिइएको रहेछ (ढुङ्गेल २०६२कः २०) । कर्नरलाई बन्द गराउने पत्र पठाउनेमा नागरिक प्रशासन छायाँमा परेको कुरा मन्त्रीपरिषद्का उपाध्यक्ष कीर्तिनिधि विष्टले पनि प्रमाणित गरिदिनुभयो ।



श्री ५ को सरकार

सूचना तथा सञ्चार मन्त्रालय

प्रशासन

(................................................ शाखा)

गोप्य

फोन नं. ४-२२०१५०, ४-२२७७२८, ४-२२५५५६

अति जरुरी

प्राप्त पत्र संख्या र मिति: प्र.५।०६१।६२ च.नं. १४८

पत्र संख्या:-

सिंहदरबार, काठमाडौं । ०६२।२।१३

मिति:- ..............................

विषय:- मिडिया सेन्टर बन्द गर्ने सम्बन्धमा ।

श्री कम्युनिकेशन कर्नर
कुपण्डोल ।

त्यस कर्नरको सञ्चालन अबैधानिक तरिकाबाट गरेको भनी लेखी आएको हुंदा बन्द गर्नु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

बोधार्थ तथा कार्यार्थ:-
१. श्री रक्षा मन्त्रालय
सिंहदरबार ।
२. श्री जिल्ला प्रशासन कार्यालय
ललितपुर ।

तस्बिर ४.३: सरकारले कम्युनिकेसन कर्नर बन्द गर्न आदेश दिँदै २०६२ जेठ १३ मा पठाएको पत्र ।

कर्नरले पत्र पाएको पर्सिपल्ट उहाँले भन्नुभयो– “सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने विषयमा सरकारले कुनै निर्णय गरेको छैन ।”[७] कम्युनिकेसन कर्नर बन्द गर्न सरकारले दिएको आदेशका सम्बन्धमा पनि उहाँलाई पत्रकारहरूले प्रश्न गरे । तर उपाध्यक्ष विष्टले भन्नुभयो– “यो विषयमा मन्त्रीपरिषद्मा कुनै छलफल नै भएको छैन” (हिमालय टाइम्स २०६२) ।

२०६२ असार १ गते पुनः सूचना तथा सञ्चार मन्त्रालयको तर्फबाट *गोरखापत्र* दैनिकमा अर्को सूचना प्रकाशन गरियो । त्यसमा फ्रिक्वेन्सी मोड्युलेसन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र प्राप्त सबै संस्था वा व्यक्तिहरूलाई सम्बोधन गरिएको थियो । विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम वा सामग्रीबाहेक अन्य समाचारमूलक कार्यक्रम वा सामग्री प्रसारण गरेमा इजाजतपत्र नै रद्द गर्ने तथा सजायसमेत हुने सूचनामा लेखिएको थियो (गोरखापत्र २०६२ख) । २०६२ असार २३ गते सरकारी बन्देजको अवज्ञा गर्दै आन्दोलनरत रेडियोहरूले साँझ ८:०० बजे समाचार प्रसारण गरे । त्यसै दिनदेखि काठमाडौँको नेपाल एफएमले बिहान ८:०० बजे र बेलुका ५:०० बजे *राजधानी खबर*लाई नियमितता दियो ।[८] यसपछि सूचना तथा सञ्चार मन्त्रालयले २०६२ साउन १९ गते ‘सफाई पेस गर्नेबारे’ रेन्बो एफएम प्रालिलाई ‘अति जरुरी गोप्य’ पत्र पठायो (हेर्नुहोस् तस्बिर ४.४) । नाम नखुलाइएका एक शाखा अधिकृतको हस्ताक्षरसहितको सो पत्रको बेहोरा यस प्रकार थियो–


> त्यस एफएम प्रालि (इजाजतपत्र नं. एफ.एम. १०५।०६।०६१ ले नेपाल एफएम ९१.८ कलसाइन प्रयोग गरी प्रसारण गर्ने) ले सूचना तथा सञ्चार मन्त्रालयले राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (ञ) र नियम ९ को खण्ड (झ) अनुरूप मिति २०६२।२।३१ मा तोकिएको सर्तविपरीत मिति २०६२।३।२३, २०६२।३।२६ र मिति २०६२।४।१७ गतेमा समेत “राजधानी खबर” नाम दिई समाचार प्रसारण गरेको हुँदा विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम मात्र प्रसारण गर्ने कर्तव्य एवं कानूनी दायित्व भएकोमा आफूले पालना गर्नुपर्ने सर्तविपरीत समाचार प्रसारण गरेको देखिएकोले

---

[७] राष्ट्रिय प्रजातन्त्र पार्टीको १६ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा ।

[८] २०६२ असार २३ गते श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शुभजन्मोत्सवको उपलक्ष्यमा मौसुफको जीवनी प्रसारण गर्न महाराजाधिराजका संवाद सचिवालय, राजदरबारबाट जीवनी संलग्न गरिएको पत्र प्राप्त गरेपछि त्यसलाई समाचारको ढाँचामा नेपाल एफएमले प्रसारण गरेको थियो । त्यति बेला एफएम रेडियोहरूले विभिन्न चरणमा सङ्गठित आन्दोलन गर्दै आएका थिए । अन्य रेडियाले आन्दोलन कै रूपमा असार २३ गते मात्र उक्त समाचार प्रसारण गरेका भए पनि नेपाल एफएमले भने माघ १९ अघि प्रसारण हुने *राजधानी खबर*कै नाममा समाचारलाई नियमितता दिएको थियो ।

तहाँलाई जारी गरिएको उक्त इजाजतपत्र राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८(१) बमोजिम किन रद्द नगर्ने ? रद्द गर्नु नपर्ने कुनै कुरा सबुद प्रमाण भए सो सबै खुलाई राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ को उपदफा २ बमोजिम ७ (सात) दिनभित्र यस मन्त्रालयमा सफाइ पेस गर्नु हुन मिति २०६२।४।१९ को निर्णयानुसार अनुरोध गर्दछु ।



श्री ५ को सरकार

सूचना तथा सञ्चार मन्त्रालय

फोन नं. ४-२२०१५०, ४-२२७७२८, ४-२२५५५६

प्राप्त पत्र संख्या र मिति:-

पत्र संख्या:- ।०६२।६३ च.नं. २८४

सिंहदरबार, काठमाडौं ।

मिति: २०६२।४।१९

विषय:- सफाई पेश गर्ने बारे ।

अति जरुरी

गोप्य

श्री रेन्बो एफ.एम. प्रा.लि.
का.म.न.पा.१४, रविभवन ।

त्यस एफ.एम.प्रा.लि. (इजाजतपत्र नं एफ.एम. १०५।०६०।६१ ले नेपाल एफ.एम.९१.८ कलसाइन प्रयोग गरी प्रसारण गर्ने) ले सूचना तथा सञ्चार मन्त्रालयले राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (ञ) र नियम ९ को खण्ड (फ) अनुरुप मिति २०६२।२।३१ मा तोकिदिएको शर्त विपरीत मिति २०६२।३।२३, ०६२।३।२६ र मिति २०६२।४।१७ गतेमा समेत "राजधानी खबर" नाम दिई समाचार प्रसारण गरेको हुँदा विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम मात्र प्रसारण गर्ने कर्तव्य एवं कानूनी दायित्व भएकोमा आफुले पालना गर्नु पर्ने शर्त विपरित समाचार प्रसारण गरेको देखिएकोले तँहालाई जारी गरिएको उक्त इजाजतपत्र राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ (१) बमोजिम किन रद्द नगर्ने ? रद्द गर्नु नपर्ने कुनै कुरा सबुद प्रमाण भए सो सबै खुलाई राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ को उपदफा २ बमोजिम ७ (सात) दिनभित्र यस मन्त्रालयमा सफाई पेश गर्नु हुन मिति २०६२।४।१९. को निर्णयानुसार अनरोध गर्दछु ।

०६२।४।१९

अधिकृत

तस्बिर ४.४: *राजधानी खबर* प्रसारण गरेकोमा इजाजतपत्र रद्द गर्ने धम्कीसहित नेपाल एफएमलाई २०६२ साउन १९ मा पठाइएको पत्र ।

## ***अध्यादेशको आतङ्क***

अनेक खालका व्यावहारिक र नीतिगत बन्देजले मात्र चित्त नबुझेर सरकारले सञ्चार क्षेत्रलाई नियन्त्रण गर्न नयाँ कानून नै जारी गर्ने तयारी गर्‍यो । गुपचुप भइरहेको यो तयारी २०६२ जेठको पहिलो हप्ता पत्रपत्रिकामा उद्घाटित भयो । *जनआस्था* साप्ताहिकले जेठ ४ गते नै समाचार छापेर सरकारी तयारी सार्वजनिक गरिदियो । सो अध्यादेशमा रहेका कतिपय प्रावधानसमेत यसले सार्वजनिक

गरिदियो । समाचारअनुसार जेठ १ गते मन्त्रीपरिषद्का उपाध्यक्ष डा. तुलसी गिरीको अध्यक्षतामा बसेको मन्त्रीपरिषद् विधेयक समितिको बैठकले अध्यादेश पारित गरी राजदरबार पठाएको थियो (जनआस्था २०६२) । त्यो अध्यादेश २०६२ जेठ ४ गतेको मन्त्रीपरिषद्को बैठकमा पेस हुने तयारीमा थियो । यसरी सञ्चारकर्मीहरूसँग सामान्य छलफलसमेत नगरी ल्याउन खोजिएकाले कालो कानून हो भन्ने *जनआस्था*को विश्लेषण थियो ।

अध्यादेशको विषयमा जेठ ७ गते *कान्तिपुर* दैनिकले विस्तृत समाचार छापेपछि यसले सञ्चार जगतलाई थप आन्दोलित बनायो । 'सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२' नाम दिएर तयार गरिएको यो अध्यादेशले विभिन्न छओटा ऐनलाई संशोधन गर्न खोजेको छ ।[९] अध्यादेशले संशोधन गर्ने दफाहरूमध्ये सबैभन्दा धेरै (सातओटा दफा) राष्ट्रिय प्रसारण ऐन २०४९ बाट परेका थिए (हेर्नुहोस् बक्स नं. ४.१) ।

**बक्स नं. ४.१: सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश २०६२ को मस्यौदा**[१०]

**६. राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधन:**

राष्ट्रिय प्रसारण ऐन, २०४९ को–

(१) दफा २ को खण्ड (ग) मा रहेका 'वा टेलिभिजन' भन्ने शब्दहरू झिकिएका छन् ।

(२) दफा ५ मा रहेका 'समाचारमूलक कार्यक्रम' भन्ने शब्दको सट्टा 'सूचनामूलक कार्यक्रम' भन्ने शब्दहरू राखी सो दफामा देहायको स्पष्टीकरण थपिएको छ–
स्पष्टीकरण– यस दफाको प्रयोजनका लागि 'सूचनामूलक कार्यक्रम' भन्नाले स्वास्थ्य, शिक्षा, खेलकुद, जनसङ्ख्या, वातावरण, मौसम वा सडक यातायातजस्ता विकास निर्माणसम्बन्धी विषयमा जानकारी गराउने वा जनचेतना जगाउने उद्देश्यले तयार गरिएको कार्यक्रमलाई जनाउनेछ ।

(३) दफा ६ पछि देहायको दफा ६क थपिएको छ–
६क. इजाजतपत्र वा प्रमाणपत्र नदिइने: (१) प्रचलित कानून वा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि व्यक्ति वा सङ्गठित संस्थालाई एकै पटक वा पटक-पटक गरी रेडियो, टेलिभिजन र प्रकाशनमध्ये कुनै दुईभन्दा बढीको इजाजतपत्र वा प्रमाणपत्र दिइने छैन ।

---

[९] रेडियो ऐन, २०१४; राष्ट्रिय समाचार समिति ऐन, २०१९; छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८; प्रेस काउन्सिल ऐन, २०४८; राष्ट्रिय प्रसारण ऐन, २०४९ र गाली र वेइज्जती ऐन २०१६ का विभिन्न दफाहरू ।

[१०] बक्समा राष्ट्रिय प्रसारण ऐन २०४९ मा संशोधन गर्न खोजिएको बुँदालाई मात्र साभार गरिएको छ ।

(२) प्रचलित कानून वा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुअघि कुनै व्यक्ति वा सङ्गठित संस्थाले रेडियो, टेलिभिजन र प्रकाशनको इजाजतपत्र वा प्रमाणपत्र पाएको रहेछ भने त्यस्तो व्यक्ति वा संस्थाले यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र रेडियो, टेलिभिजन र प्रकाशनमध्ये कुनै दुईको प्रसारण वा प्रकाशन गर्न छनोट गरी बाँकीको हकमा छुट्टै व्यक्ति, संस्था वा व्यस्थापनद्वारा प्रसारण वा प्रकाशनको व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै इजाजतपत्र वा प्रमाणपत्र प्राप्त व्यक्ति वा संस्थाले रेडियो, टेलिभिजन वा प्रकाशनमध्ये कुनै दुईको प्रसारण वा प्रकाशन गर्न छनोट नगरेमा वा छुट्टै व्यक्ति, संस्था वा व्यवस्थापनद्वारा प्रसारण वा प्रकाशनको व्यवस्था नगरेमा श्री ५ को सरकारले निजको रेडियो वा टेलिभिजन प्रसारण गर्न पाएको इजाजतपत्र रद्द गर्नेछ ।

(४) दफा ९ को उपदफा (१) मा रहेका 'सङ्गठित संस्था वा संयुक्त लगानीमा स्वदेशी र विदेशी व्यक्ति वा' भन्ने शब्दहरू झिकिएका छन् ।

(५) दफा ११ पछि देहायको दफा ११क थपिएको छ–

११क. स्वीकृति नलिई अन्य ठाउँबाट कार्यक्रम प्रसारण गर्न नहुनेः कुनै पनि प्रसारण संस्थाले श्री ५ को सरकारको स्वीकृति नलिई कुनै ठाउँबाट प्रसारण गर्न पाउने छैन ।

(६) दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ–

१५. प्रसारण गर्न नपाउनेः कसैले पनि देहायको सामग्री प्रसारण गर्न पाउने छैन–

(क) राजनीतिक दलहरूलाई प्रतिकुल असर पर्ने विषयका कुराहरू,

(ख) अश्लील किसिमका सामग्री,

(ग) सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्री,

(घ) जनमानसमा अस्वाभाविक भय तथा आतङ्क पैदा गर्ने सामग्री,

(ङ) कुनै पनि जातजाति, भाषा, धर्म वा संस्कृतिलाई अपव्याख्या, अपहेलना अपमानित वा अवमूल्यन गर्ने सामग्री,

(च) कुनै खास क्षेत्रमा बसोवास गरेको आधारमा कुनै पनि जातिलाई भेदभाव, अपहेलना, अपमानति वा अवमूल्यन हुने सामग्री,

(छ) नेपालको असंलग्न परराष्ट्र नीतिविपरीत हुने सामग्री,

(ज) प्रचलित कानून बमोजिम प्रकाशन गर्न प्रतिबन्ध वा निषेध गरिएका कुरा वा सामग्री ।

(७) दफा १७ को उपदफा (२) मा रहेका 'दस हजार रुपियाँसम्म जरिवाना' भन्ने शब्दहरूको सट्टा 'एक लाख रुपियाँसम्म जरिवाना' भन्ने शब्दहरू राखिएका छन् ।

स्रोतः २०६२ साल जेठको पहिलो साता प्राप्त भएको अध्यादेशको मस्यौदा, कान्तिपुर (२०६२क) ।

साबिकको राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ५ ले एफएम रेडियोहरूलाई समाचारमूलक कार्यक्रम प्रसारण गर्ने अधिकार दिएकोमा प्रस्तावित अध्यादेशले त्यसलाई समाप्त पारेर त्यसको ठाउँमा सूचनामूलक कार्यक्रम प्रसारण गर्नुपर्ने बनायो । त्यस्तो सूचनामूलक कार्यक्रम पनि स्वतन्त्र आधारमा नभई राज्यले तोकिदिएको वर्गका सूचना मात्र प्रसारण गर्नुपर्ने भयो । राज्यले स्वास्थ्य, शिक्षा, खेलकुद, जनसङ्ख्या, वातावरण, मौसम वा सडक यातायात जस्ता विकास निर्माणसम्बन्धी विषयमा जानकारी गराउने वा जनचेतना जगाउने उद्देश्यले तयार गरिएको कार्यक्रमलाई मात्र सूचनामूलक भनेर तोकिदिएकाले रेडियोबाट बोल्ने कुराहरूको सीमारेखा निर्धारण भयो । दफा ६ को 'इजाजतपत्र दिन सकिने' व्यवस्थामा ६(क) थपेर 'इजाजतपत्र वा प्रमाणपत्र नदिइने' व्यवस्थाहरू पनि थप्ने काम अध्यादेशमा भयो ।

रोचक प्रसङ्ग के छ भने साबिकको ऐनको दफा १५ (१) (ग) मा 'निर्वाचित सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरू' भन्ने वाक्यांशबाट 'निर्वाचित' भन्ने शब्द हटाएर अध्यादेशको मस्यौदा गरियो । यसबाट 'अनिर्वाचित' सरकारको अभ्यास गर्ने राज्यको मनसायसमेत प्रकट हुन पुग्यो । यसको विपक्षमा व्यापक आवाज उठे । विभिन्न पत्रपत्रिकाका समाचार तथा लेखमा नागरिक समाजका व्यक्तिहरूले अध्यादेशको व्यापक विरोधमा व्यक्त गरेका स्वरहरू आए (कान्तिपुर २०६२ख, भट्टराई २०६२) । यसरी सञ्चार जगत् र नागरिक स्तरबाट अध्यादेशको व्यापक विरोध हुँदा पनि राज्यले कुनै प्रतिक्रिया नजनाइकन करिब एक महिना बितायो । त्यसपछि मात्र सूचना तथा सञ्चार मन्त्रालयका तत्कालीन सचिव लोकमान सिंह कार्कीले मुख खोल्नुभयो– "प्रस्तावित सञ्चार अध्यादेशले प्रेस स्वतन्त्रतामाथि कुनै हस्तक्षेप गर्दैन ।" त्यो पनि उहाँले राज्यका तर्फबाट आफ्नै पहलमा भन्नुभएन, पत्रकारहरूले सोधेपछि मात्रै । "प्रेससम्बन्धी कानून अहिलेकै अवस्थामा आए पनि पत्रकार र पत्रकारिताको स्वतन्त्रतामा एक इञ्च कमी आउँदैन" उहाँले एक कार्यक्रम पछि पत्रकारहरूको प्रश्नको जबाफमा प्रस्तावित अध्यादेशले सञ्चारमाध्यमलाई नियन्त्रण गर्ने नभई जिम्मेवार र कर्तव्यनिष्ठ बनाउने दाबी गर्नुभयो (गोरखापत्र २०६२क) ।

यसरी आफ्नै मन्त्रालयको सचिवले तथ्य खुलासा गरिसक्दा पनि मन्त्री टङ्क ढकाल भने अध्यादेशको कुरा हल्ला मात्रै भएको आशयका भाषण दिँदै हुनुहुन्थ्यो । अध्यादेश नै नआइसकेको अवस्थामा अध्यादेशको विरोधमा आन्दोलन गरेकोलाई उहाँले 'पहाड फोरेर खोज्दा मुसा फेला परेको' टिप्पणी गर्नुभयो । उहाँले हल्लाको

भरमा अध्यादेशको विरोधमा आन्दोलन गरिरहेको आरोप पनि पत्रकारहरूलाई लगाउनुभयो ।[११]

### *आर्थिक नाकाबन्दी*

स्वतन्त्र रेडियो प्रसारणलाई अवरोध पुग्ने गरी सरकारले अर्को नीति अख्तियार गर्‍यो– 'सरकारी विज्ञापनमा एकद्वार प्रणालीसम्बन्धी नीति २०६२' ।[१२] सरसर्ती हेर्दा 'प्रकाशन वा प्रसारण' का कुरा ठाउँठाउँमा उल्लेख गरिएकाले सरकारले प्रसारण माध्यमका रूपमा स्वतन्त्र रेडियोलाई पनि पहिचान दिएको र सहयोग गर्न खोजेको भान हुन्छ। वास्तवमा यो नीतिले निजी रेडियोलाई सरकारी विज्ञापन नै नदिने प्रपञ्च रचेको छ।

यसमा स्पष्ट शब्दमा राजा र राजसंस्थाप्रति बफादार तथा श्रमजीवी पत्रकारसम्बन्धी ऐन नियमको कार्यान्वयन गरेका माध्यमलाई मात्र सरकारी विज्ञापन उपलब्ध गराउने उल्लेख गरिएको छ। पहिलो सर्त नै यस्तो छ– "आफ्नो सञ्चारमाध्यममार्फत राष्ट्र, राष्ट्रियता र राजसंस्थाप्रति पूर्ण प्रतिवद्धता व्यक्त गरेको हुनुपर्ने छ।" एकातिर सरकारले रेडियोमार्फत मनोरञ्जनबाहेक कुनै विचार अभिव्यक्त गर्न पाइँदैन भनेको छ भने अर्कातिर राष्ट्र, राष्ट्रियता र राजसंस्थाप्रति व्यक्त गरेको प्रतिवद्धतालाई मूल्याङ्कनको आधार र विज्ञापन पाउने सर्त तोकिएको छ। 'विशुद्ध मनोरञ्जन' मात्र प्रसारण गर्ने स्वतन्त्रता पाएको रेडियोले राजसंस्थाप्रति भक्तिभाव नै गर्न चाहे पनि कहाँ ठाउँ थियो र !

सरकारी विज्ञापन पाउनको लागि पूरा गर्नुपर्ने अर्को सर्त छ– "श्रमजीवी पत्रकार ऐन २०५१ र श्रमजीवी पत्रकारसम्बन्धी नियमावली २०५३ को पूर्ण कार्यान्वयनको साथै प्रचलित ऐन कानूनको परिपालन गरेको हुनुपर्छ।" यो एउटा सर्त नै रेडियोलाई विज्ञापन नदिनको लागि पर्याप्त छ। श्रमजीवी पत्रकारसम्बन्धी ऐन २०५१ को दफा २(ख) ले छ जना वा सोभन्दा बढी श्रमजीवी पत्रकारहरू कार्यरत रहेको ठाउँमा यो ऐन क्रियाशील हुने देखाउँछ, त्यो पनि छापा माध्यमहरूमा। यस सन्दर्भमा पहिलो त रेडियोमा त्यो ऐन लागू हुने कुरा नै विवादमा छ भने दोस्रो कुरा, सरकारले समाचार प्रसारणमा रोक लगाई स्वतन्त्र रेडियोमा पत्रकारहरू पनि काम गर्छन् भन्ने कुरालाई निषेध गरिसकेको छ। यो अवस्थामा श्रमजीवी

---

[११] अन्ततः यो आलेख तयार हुँदाहुँदै २०६२ असोज २३ आइतबार अध्यादेश जारी गरियो, जुन २०६२ जेठमै सार्वजनिक भएको मस्यौदामा खास केही परिवर्तन नगरी ल्याइएको छ (श्री ५ को सरकार २०६२)।

[१२] सूचना तथा सञ्चारमन्त्री टङ्क ढकालले २०६२ असार ६ गते सूचना विभागमा आयोजित सरकारको पत्रकार सम्मेलनमा यो नीति लागू भएको घोषणा गर्नुभएको हो।

पत्रकार ऐन पनि लागू हुने कुरै आएन । यसरी सर्त र मूल्याङ्कनका आधारमा स्वतन्त्र रेडियोलाई पत्रकारविहीन बनाएर राज्यले पूर्णतः बहिष्कार गरिसकेको छ ।

आफूले सहयोग गरेर स्वतन्त्र रेडियोलाई प्रवर्द्धन गर्नुको सट्टा निरुत्साहित गर्ने प्रयास राज्यको देखियो । सरकारी विज्ञापन नीतिको चरम आलोचना पनि भयो । तर, कसैको केही लागेन । सरकारले कसैको कुरा नसुनी यो नीति लागू गरेरै छाड्यो ।

समग्रमा यी सबैखाले दमनकारी क्रियाकलापको प्रमुख तारो  समाचार र समाचारमूलक कार्यक्रम हुन पुगे । एफएम रेडियोमा समाचार र समाचारमूलक कार्यक्रम प्रसारण गर्न नदिनुको कुनै तर्कसङ्गत कारण राज्यले दिन सकेन । एफएम रेडियोले समाचार र समाचारमूलक कार्यक्रम संसारमा कहीँ पनि प्रसारण गर्ने नगरेको भन्ने झुटो प्रचारबाजी र नेपालमा एफएम रेडियोले माओवादीको सशस्त्र द्वन्द्वलाई प्रोत्साहन गरेको आधारहीन आरोप लगाएर यसलाई रोक्न खोजिएको छ (हेर्नुहोस् तस्बिर ४.७) । यस्ता आधारहीन आरोप लगाउनुको पछाडि एफएम रेडियोको पहुँच र लोकप्रियता भएको अनुमान गर्न गाह्रो हुँदैन । साक्षरता र क्रय शक्ति कम भएको हाम्रो जस्तो देशमा एफएम रेडियो नै धेरैभन्दा धेरै नेपालीको सूचना र समाचारको स्रोत बनेको थियो । पत्रपत्रिका र टेलिभिजनले मात्र नेपाली जनताको जागरणलाई आवश्यक उर्जा दिन सक्दैनन् । रेडियोले जनता जगाउने भयो भन्ने यथार्थ नै राज्यका लागि बेचैनीको विषय बन्यो । तसर्थ सरकार एफएम स्टेसनमाथि प्रत्यक्ष जाइ लाग्न पुगेको प्रस्ट छ ।

## अवरोधका अनेक असर

रेडियोको स्वतन्त्रतामाथि सरकारले अन्धाधुन्ध हस्तक्षेप गरेपछि यसको असर समाजका सबै क्षेत्रमा पऱ्यो । रेडियो सुलभ र सजिलै स्थानीयकरण गर्न सकिने भएकोले यसलाई सबैभन्दा प्रजातान्त्रिक माध्यम भनेर अक्सर सबैले औँल्याउने गरेकै कुरा हो (वन्त सन् २००५बी) । दुर्गम गाउँगाउँसम्म आफ्नो सञ्जाल बनाइसकेका एफएमहरूको लोकप्रियता यिनले क्षणक्षणमा प्रसार गर्ने समाचार र सूचनाहरूले समेत बढाएका थिए (नेपाल २०६१: ४) । तर समाचार प्रसारणमा प्रतिबन्ध सँगसँगै सबै कुरा अस्तव्यस्त भएको छ । समाचारको अभावमा समाजमा नचाहिँदा हल्ला फैलिरहेका छन् । जनता माओवादी ज्यादतीबारे समेत सूचना पाउनबाट वञ्चित छन् । राज्यद्वारा सञ्चालित रेडियोले समाचार प्रसारण गरिरहे पनि जनता त्यसलाई सहजै स्वीकार्न राजी छैनन्, भलै त्यो सत्य नै किन नहोस् (नेवार सन् २००५) ।

स्वतन्त्र रेडियोमा समाचार प्रतिबन्धित भएपछि सूचना सङ्कलन, सम्प्रेषण, प्रसारण क्षेत्रमा आघात पऱ्यो । स्वतन्त्र रेडियोहरूको भूमिका र प्रभाव तथा माघ १९ पछि रेडियोमा समाचार प्रतिबन्धित भएपछिका असरहरूबारे वरिष्ठ पत्रकार तथा सञ्चारविज्ञ रामकृष्ण रेग्मीको अनुभव र विचार यस्तो छ–

> एफएम समाचार वास्तवमा सङ्क्षिप्त र सूचीप्रधान, साङ्केतिक र अद्यावधिक नै हुने गरेको हो, विश्लेषण यसमा नअटाउनु स्वाभाविकै हो । फास्टफुडको जस्तो स्वाद पाइने यो समाचारको लोकप्रियता बढ्दै जानुमा यिनै कारण हुन् र अहिले यिनको अभावमा खल्लोपन आएको पनि तिनकै कारण हो । देशमा सञ्चालित चालीसभन्दा बढी एफएमले एक किसिमका प्रसारणको स्थानीय आवश्यकतालाई पहिल्याई त्यसलाई स्वरूप दिएको कुरा नमानी हुँदैन, यिनमा भएको अर्बौंको लगानी र जनशक्तिको प्रयोग अर्थतन्त्रकै निमित्त पनि सारपूर्ण स्तम्भ हो (रेग्मी २०६१: ४) ।

एफएम रेडियोका कार्यक्रमका विषयवस्तुमा राज्यले हस्तक्षेप गरी आफ्नो नियन्त्रणमा लियो । यसबाट समाचार र समाचारमूलक कार्यक्रमका लागि कुनै धरातल बाँकी राखिएन । त्यसपछि मुख्य रूपमा नागरिकको सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रता त गुम्यो नै; यसले नेपाली पत्रकारिताको सबै पक्ष, रेडियो पत्रकारिता र स्वतन्त्र रेडियोहरूको अस्तित्वलाई नै सङ्कटमा धकेलिदियो ।

नेपाली पत्रकारहरूको छाता सङ्गठन– नेपाल पत्रकार महासङ्घले माघ २९ गते समाचार र सूचनामूलक कार्यक्रम बन्द हुँदा परेको असरबारे सबै रेडियो स्टेसनहरूसँग जानकारी मागेको थियो । यसको जबाफ सबै रेडियो स्टेसनले त दिएनन्, तर जतिले दिए, ती महत्त्वपूर्ण जानकारी र सूचनाले युक्त छन् । महासङ्घले निम्न लिखित चारओटा जिज्ञासा राखेको थियो–

१) तपाईंको एफएममा कतिओटा समाचार र सूचनामूलक कार्यक्रम थिए ?
२) ती कार्यक्रममा कार्यरत सञ्चारकर्मी कति थिए ?
३) समाचार र सूचनामूलक कार्यक्रम बन्द भएपछि सञ्चारकर्मीहरू कुन अवस्थामा छन् ?
४) समाचार र सूचनामूलक कार्यक्रम बन्द हुँदा एफएमलाई कस्तो असर परेको छ ?

महासङ्घको रेकर्डअनुसार हरेक स्टेसनमा समाचार र समाचारमूलक कार्यक्रम दर्जनौं भएको पाइयो । त्यसै गरी सयौंको सङ्ख्यामा सञ्चारकर्मी बेरोजगार हुन

पुगेको पनि उक्त रेकर्डले देखाउँछ । यी र यसरी प्राप्त अरू कतिपय जानकारीलाई आधार मान्दै समाचार तथा समाचारमूलक, सूचनामूलक कार्यक्रम, विचार तथा अभिव्यक्ति आदिलाई योजनाबद्ध रूपमा बन्द गरिँदा देखा परेका मुख्य असरलाई यहाँ समेटिएको छ ।

## *सूचनाप्रवाहमा प्रतिबन्ध*

शाही कदमपछि बनेको सरकारले एफएम रेडियोबाट समाचार प्रसारणमा प्रतिबन्ध लगाएपछि त्यहाँ कार्यरत सञ्चारकर्मी मात्र अन्योलमा परेका छैनन्, बिहान बिस्तरामै समाचार सुन्ने बानी परेका नागरिकहरू समेत सूचनाको हकबाट बञ्चित भएका छन् (बुधवार २०६१) । सूचना तथा सञ्चार मन्त्रालयले केन्द्रीय स्तरमा दिएको अन्धाधुन्ध निर्देशनपछि सरकारले स्वतन्त्र रेडियोहरूबाट सञ्चालित महिला कार्यक्रम, बाल कार्यक्रम, दलित कार्यक्रम, जनस्वास्थ्य कार्यक्रम, कृषि कार्यक्रम, आत्मनिर्भरतासम्बन्धी कार्यक्रम, सामुदायिक विकाससम्बन्धी कार्यक्रम, साहित्यिक कार्यक्रम, वातावरणसम्बन्धी कार्यक्रम, मानवअधिकार शिक्षा जस्ता कार्यक्रम पनि बन्द गराइए । साथै रक्तदानसम्बन्धी सूचना, पोलियो थोपा खुवाउन बालबालिका ल्याउने वा बालक हराएको सूचनामा समेत रोक लगाइयो ।

सूचना तथा सञ्चार मन्त्रालयले भटाभट आदेश जारी गरेर सबै रेडियोलाई मनोरञ्जनका औजार प्रमाणित गर्न लागिरहँदा स्थानीय स्तरमा भने सरकारी निकायहरूलाई नै स्वतन्त्र रेडियोको आवश्यकता परेको देखिन्छ । २०६१ फागुन २१ गते नेपालगञ्जमै रहेको जिल्ला प्रशासन कार्यालय, बाँकेले नेपालगञ्जका स्वतन्त्र रेडियोहरू वागेश्वरी एफएम र रेडियो भेरी आवाजलाई सूचना प्रसारण गरिदिन अनुरोध गरेको थियो । मध्यपश्चिमकै अर्को जिल्ला दाङको जिल्ला प्रशासन कार्यालयले पनि मन्त्रालयको निर्देशनसँग मेल नखाने बेहोराको पत्र प्रसारण गर्न स्वर्गद्वारी सञ्चार केन्द्रलाई अनुरोध गर्‍यो, जसमा त्रिभुवननगरमा रहेको रेडियो स्वर्गद्वारीबाट कर्फ्यु आदेशसम्बन्धी सूचना प्रसारण गर्न भनिएको छ । बाँकेका प्रमुख जिल्ला अधिकारीले नै सही गरेको २०६१ चैत ४ गतेको पत्रमा पनि भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई उजुरी दिन चाहने व्यक्तिले जिल्ला प्रशासन कार्यालय, बाँकेमा उजुरी दिनसक्ने बेहोरा उल्लेख गरिएको छ । जिल्ला प्रशासन कार्यालय, बाँकेले नै चैत ८ र ९ गते स्थानीय रेडियोहरूबाट प्रसारण गर्न दिनदिनै अलगअलग पत्र पठाएर होलीमा कसैले कसैको इच्छाविरुद्ध रङ, अबिर दल्ने, लोला हान्नेजस्ता कार्य नगरी स्वेच्छापूर्वक मात्र होली खेल्ने

वातावरण कायम गरी सदाझैँ शान्तिसुरक्षाको कार्यमा सहयोग गर्न अनुरोध गऱ्यो ।

जिल्ला प्रशासन कार्यालय, दाङले चैत ९ गते स्वर्गद्वारी सञ्चार केन्द्रलाई पठाएको पत्रमा त 'सूचनाको बेहोरालाई समाचारको रूपमा प्रसारण गरिदिनुभई सहयोग गरिदिन' भन्ने अनुरोध गरिएको थियो । यस्ता उदाहरण स्थानीय स्तरमा अनगिन्ती पाइएका छन् । यसबाट स्थानीय स्तरमा स्वतन्त्र रेडियोहरूको आवश्यकता महसुस भएको र त्यहीबमोजिम उपयोग गरिएको बुझ्न सकिन्छ । तर मन्त्रालयले नै पत्र लेखेर आदेश दिएपछि एफएम रेडियोहरू स्थानीय आवश्यकताका बाबजुद निकम्मा बनाइन पुगे ।

## *सङ्कटमा रेडियो पत्रकार*

सरकारले रेडियोहरूमाथि प्रतिबन्ध लगाउँदा पत्रकारिताको आधारदेखि नै गडबडी पैदा भयो । पत्रकारिता पेशा भौतिक रूपमा असुरक्षित मानिँदै र देखिँदै आएको अवस्थामा आर्थिक मात्र नभएर पेसागत रूपमा पनि असुरक्षित देखियो । माघ १९ लगत्तै करिब एक हजार पत्रकार तत्काल प्रभावित भए । काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्चका महासचिव घमराम लुइँटेलका अनुसार समाचार प्रसारण गर्ने एफएममा ५ जनादेखि बढीमा १६ जनासम्म काम गर्ने छुट्टै समाचार शाखा थिए । रेडियो स्टेसनभित्रका समाचार शाखामा प्रत्यक्ष संलग्न करिब ५०० र अन्य जिल्लाबाट समाचार सम्प्रेषण गर्ने पत्रकारसमेत हिसाब गर्दा एक हजार जति रेडियो पत्रकार प्रभावित भएका छन् (प्रवीण अधिकारी २०६१: १) । यसको आधिकारिक तथ्याङ्क त पाइँदैन, तर माघ १९ पछिको प्रेस स्वतन्त्रताको कुरा गर्दा रेडियो पत्रकारहरूको रोजगारीको मुद्दा सबैभन्दा सशक्त देखियो । पत्रकारिताका अरू विधा र माध्यममा संलग्न पत्रकारहरूको यति निम्छरो स्थिति नदेखिएकाले रेडियो पत्रकारहरूको कामको अधिकारको मामिला जोडदार रूपले उठेको हो ।

तर सरकारले यो मुद्दालाई अदक्ष कामदारहरू अझ भनौँ कुल्ली काम गर्ने मजदुरहरूको मुद्दाभन्दा बढी हैसियत नै दिएन । पत्रकारहरू नितान्त कामदार मात्र नभएर समाजमा बौद्धिक र विशिष्ट सार्वजनिक पेसामा संलग्न सचेत जनशक्ति हुन् भन्ने कुरालाई नजरअन्दाज गरियो । सूचना तथा सञ्चारमन्त्री टङ्क ढकालले १०-१५ मिनेटको समाचार बन्द हुँदैमा बेरोजगार भए भन्न नमिल्ने तर्क दिँदै राम्रा कार्यक्रम बनाउन 'उपदेश' दिनुभयो । त्यसो गरेमा सरकारले सहयोग गर्ने उहाँको भनाइ थियो । हो, यही नै सरकारी मनोवृत्तिको द्योतक हो, जसले रेडियो पत्रकार र बेरोजगार मजदुरलाई समान देख्छ, त्यसैले स्वतन्त्र रेडियोमै

अरू काम सिर्जना गरिदिने आश्वासन मन्त्रीको मुखबाट निस्कन्छ । तर यो अज्ञानतावश होइन, जानीबुझिकन बोलिएको बोली थियो । त्यसैले त रेडियो पत्रकारहरूको 'प्रेस प्रतिनिधि प्रमाणपत्र' नवीकरण नगर्ने काम सूचना विभागले थालिसकेको थियो ।[१३] सरकारी नियन्त्रणकारी व्यवस्थाले क्रियाशील रेडियो पत्रकारहरूलाई त पीडित बनायो नै, पत्रकारिताप्रति आकर्षित नयाँ पुस्तालाई समेत प्रताडित गर्‍यो ।

समग्रमा राज्यको यस्तो कदमपछि स्वतन्त्र रेडियोहरूमा संलग्न सबै पत्रकारले एकै किसिमको बेरोजगारी भोग्नुपरेको भने छैन । त्यसलाई बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ– १) रेडियो स्टेसनमा पूर्णकालिक रूपमा कार्यरत २) जिल्लाबाहिर वा स्थानीय रूपमै तलबी संवाददाता वा 'स्ट्रिन्जर' का रूपमा कार्यरत ३) रेडियोबाहेक अरू माध्यममा संलग्न । यी तीन वर्गका पत्रकारमध्ये पहिला दुई थरी पत्रकारको पहिचान नै सङ्कटमा पर्‍यो भने तेस्रो थरी पत्रकारको काम, दाम र नाम घटयो । यसबाहेक चौथो थरी पत्रकारहरू पनि रहे, जसलाई रेडियो स्टेसनले बर्खास्त गरेन, बरु क्रमशः अरू नै सूचनामूलक, शिक्षाप्रद, सामाजिक, आर्थिक वा यस्तै अरू कुनै कार्यक्रममा समायोजन गर्‍यो । कतिपय उत्पादक तथा प्रसारकहरूले भने 'खतरारहित' नयाँ कार्यक्रम उत्पादन गरेर जनशक्तिलाई संलग्न गराइरहे । जस्तैः कम्युनिकेसन कर्नरले *कायाकैरन*को सट्टा *शुभवचन* उत्पादन गरेर उही समयमा वितरण गर्‍यो भने रेडियो एचबीसीमा *एचबीसी खबर*मा संलग्न पत्रकारहरूकै संलग्नतामा एक हप्तासम्म *श्रष्टा र सृष्टि* चलाइयो र त्यसपछि *गतिशील विश्व* र *खेल सन्दर्भ* हप्तामा २-२ दिनका दरले पालैपालो केही समयसम्म चलाइयो र बन्द गरियो । अधिकांशले भने भविष्यमा सजिला दिन आए फेरि काममा लगाउन सकिने आश्वासन दिएर निष्कासन नै गरे, आफ्नो 'निरीहता' प्रदर्शन गरेर र राज्यलाई दोषी देखाएर । काठमाडौँबाहिरका पत्रकार पनि पत्रकारिताबाट विस्थापित हुन पुगे (ढकाल २०६२) ।

स्वतन्त्र रेडियोहरूको आकर्षण र उपयोगिताको केन्द्र बनेको समाचार र समाचारमूलक कार्यक्रममा बलात् हमला गरेपछि रेडियोका सञ्चालकहरू पनि पीडित भए । यही मौका पारेर कतिपय रेडियोहरूले एक दिन पनि ढिला नगरी

---

[१३] कम्युनिकेसन कर्नरको सम्पादकको नाताले प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण गर्न जाँदा फागुनको मध्यमै सूचना विभागले लेखक स्वयंलाई फर्काइदिएको थियो । विभागका कर्मचारीहरूले रेडियोले समाचार प्रसारण गर्न नपाउने भएकाले तिनमा कार्यरत पत्रकारलाई कार्ड दिन नमिल्ने 'आदेश' भएको जनाएका थिए । र, निवेदन दर्ता गर्नसमेत अस्वीकार गरेका थिए ।

रेडियोको आकर्षणको मूल तत्त्व र जनताको सूचनाका सेवक पत्रकारहरूलाई निकाल्ने हर्कत गरे । केहीले निकालेको घोषणा त गरेनन् तर उनीहरूको बाँच्ने अधिकार सुरक्षित गर्ने तलब भने  दिएनन् । उनीहरू त मौका पर्नेबित्तिकै पुनः ज्यालामा लगाउने औपचारिक र अनौपचारिक घोषणा गरेर दाउ हेरेर बसे । अझ केहीले भने नैतिकताको हद नाघेर विगतमा आफूहरूले सगौरव प्रसारण गरेका कतिपय सामग्री र ती सामग्रीको स्रोतसम्म पहुँच भएका पत्रकारहरूलाई सम्पूर्ण दोषको कारक पनि ठाने र अनेक माध्यमबाट कुण्ठा ओकले । यतिसम्म कि त्यस्ता पत्रकारहरू आफ्नो संस्थामा देखा नै नपरिदिए हुने थियो भन्नेसमेत ठाने (ढुङ्गेल २०६२खः १८) । यो अनुभूति उनीहरू स्वयंको इच्छा वा आग्रह मात्र नभएर राज्यको सम्भावित ‘कारबाही’ प्रतिको त्रासको उपज पनि हुन सक्थ्यो ।[१४] फरकफरक स्टेसनले आफ्ना पत्रकारप्रति फरकफरक व्यवहार गरे । यसमा माथि भनिए झैँ मुख्यतया निम्नलिखित प्रवृत्ति देखियो–

- समाचार बन्द भएपछि तत्काल पत्रकारहरू बर्खास्त
- समाचार बन्द भएपछि क्रमिक रूपमा पत्रकारहरू बर्खास्त,
- काम र तलब केही पनि नदिने तर निष्कासनको घोषणा नगर्ने,
- रेडियोमै अरू काममा आंशिक रूपमा संलग्न गराउने,
- कसैलाई पनि निष्कासन नगरी पूरै काममा संलग्न गराउने ।

प्रसारकहरूले आर्थिक कारण देखाएरै पत्रकार निष्कासन गरेका थिए । उनीहरूले समाचार प्रसारण गर्न सकिने वातावरण पुनः सिर्जना भएमा सबैलाई पुनर्बहाली गर्ने आश्वासन बाँड्न भने छुटाएका थिएनन् । समाचार प्रतिबन्धित भएपछि रेडियोको आम्दानी व्यापक घटेको बताउन थालियो । स्वतन्त्र रेडियो बचाउ आन्दोलन गठन गर्ने भेलामा उपस्थित प्रसारकहरूले पनि समाचार रोकिएपछि ६० प्रतिशत आम्दानी घटेको बताएका थिए । पत्रकारहरू संलग्न भएका कार्यक्रमले आम्दानीसँगै श्रोता, प्रतिष्ठा र पहुँच बढेको स्वीकारे पनि उनीहरूले माघ १९ पछि पत्रकारहरूलाई बोझका रूपमा प्रस्तुत गरिरहे ।

यसबीचमा समाचारमाथिको बन्देज र त्यसको विरोधमा उठेका स्वरले अत्यधिक महत्त्व पायो । एफएम रेडियो स्टेसनहरूमा समाचार र समाचारमूलक

---

[१४] शाही घोषणापछि रेडियो पत्रकारहरूसँग गरिएका औपचारिक तथा अनौपचारिक कुराकानीका आधारमा प्राप्त जानकारी ।

कार्यक्रममा सरकारले रोक लगाएको हुँदा पत्रपत्रिकाहरूका लागि समाचार प्राप्त गर्न र सत्यतथ्य बुझ्न अत्यन्त असहज भएको महसुस सञ्चार क्षेत्रले नै पनि गऱ्यो (प्रकाश साप्ताहिक २०६१: १/४)। एफएम रेडियोका कारण सूचनाको पहुँच जनतासमक्ष सहजै पुगेको थियो। तर समाचार प्रसारण बन्द भएकाले जनता सीमित साधनमा भर पर्नुपरेको अनुभूति सर्वत्र भयो।

## ***घटेको व्यापार***

सरकारले समाचारमा प्रतिबन्ध लगाएपछि रेडियो स्टेसनहरूको व्यापार नराम्ररी प्रभावित भयो। "समाचारमा प्रतिबन्ध लागेपछि विज्ञापन ह्वात्तै घटेको छ। यस्तै हो भने कसैलाई पनि सहज स्थिति हुँदैन" सप्तकोशी एफएम, विराटनगरका स्टेसन म्यानेजर सुनील न्यौपानेको भनाइ हो यो। यसै भनाइसँग सहमत हुनुहुन्छ सप्तकोशी एफएम इटहरीका समाचार संयोजक लीलाराज भट्टराई। समाचार नभएपछि प्राइम टाइममा विज्ञापन दिन चाहनेहरू तर्किएको उहाँको भनाइ छ। नयाँ परिस्थितिमा ३० प्रतिशत विज्ञापन घटेको कोशी एफएम विराटनगरका कार्यक्रम निर्देशक रमेश हतवाली बताउनुहुन्छ (ढकाल २०६२: ६)।

एफएम रेडियोका सञ्चालकहरूले समाचार गुमाउनुपर्दा रेडियो नै बन्द गर्नुपर्नेसम्म खतरा महसुस गरेको बताए। तर, जब त्यही कारणले रेडियो स्टेसनमा रेडियो पत्रकारको महत्त्व बढी भएको जस्ता तर्कहरू उठ्न थाले, त्यसपछि पुरानो तथ्याङ्कलाई सच्याएर समाचार नहुँदा केही प्रतिशत विज्ञापन घटेको बताउन थाले। निकालिएका पत्रकार पुनर्बहालीको मागपछि उनीहरूले यस्तो उपाय अपनाएका हुन्। एक अध्ययनअनुसार २०६२ साल वैशाखको पहिलो सातासम्म काठमाडौँ उपत्यकामा सञ्चालित रेडियो सिटीको ३० देखि ३५ प्रतिशतसम्म विज्ञापन र प्रायोजकबाट हुने आम्दानी घटेको थियो। त्यसै ताका कान्तिपुर एफएमको ३० र रेडियो एचबीसीको आम्दानी ६० प्रतिशतले घटेको पाइयो।[१५] समाचार प्रसारण नगर्ने हिट्स एफएममा समेत समग्र परिस्थिति र

---

[१५] २०६१ साल माघ १९ पछि स्वतन्त्र रेडियोमा परेको प्रभाव बुझ्न सञ्चारकर्मीहरूको एक टोलीले काठमाडौँ उपत्यकाभित्र र बाहिरका गरी २५ रेडियो स्टेसनहरूको स्थलगत अध्ययन भ्रमण गऱ्यो। टोलीमा ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल, सामुदायिक रेडियो प्रसारक सङ्घ, काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्चका प्रतिनिधिहरूका साथै मिडिया सर्भिसेज इन्टरनेसनल, नेपाल प्रेस इन्स्टिच्यूट, नेपाल वातावरण पत्रकार समूहका प्रतिनिधिहरू पनि सामेल थिए। यो समूहले काठमाडौँका आठओटा रेडियो स्टेसनको अध्ययन भ्रमण २०६२ वैशाख ५ देखि ७ गतेबीचमा गरेको थियो। उपत्यका बाहिरका रेडियो स्टेसनको भ्रमण भने वैशाख ११ पछिका केही दिनमा सम्पन्न भएको थियो।

घटनाक्रमले नराम्रो प्रभाव पारेको पाइएको छ, आम्दानी लगातार घट्दै गएको छ । इमेज एफएममा भने आर्थिक रूपले केही नकारात्मक प्रभाव परे पनि 'अत्यास लाग्दो' स्थिति नभएको सम्बद्ध व्यक्तिहरूले जानकारी दिएका छन् ।

रेडियो सगरमाथामा केही मात्रामा आर्थिक प्रभाव परे पनि आम्दानी ठूलो रूपमा नघटेको २०६२ वैशाख सुरुको अवस्था थियो । समाचार नहुँदा पनि कतिपय विज्ञापनदाताले समाचारको अघि वा बीचमा बजाइदिनु भनेर विज्ञापन दिने गरेको भक्तपुर एफएमका प्रबन्ध निर्देशक रवि हाडाको अनुभव छ । राज्यको दमनचक्र चलेको तीन महिनाको अवधि हुन लाग्दा पनि रेडियोका श्रोता र व्यवस्थापनलाई समाचारमा बसेको टक कायमै रहेको देखिन्छ । यसले रेडियो पत्रकारिताको प्रवर्द्धनका लागि उर्जाको काम त अवश्य गर्छ तर रेडियोलाई टिकाउने मामिलामा भने योगदान गर्न सक्दैन । रेडियोको जनशक्ति समाचारमा केन्द्रित हुनु र अरू खाले कार्यक्रमको दाँजोमा समाचार स्वाभाविक रूपमा लोकप्रिय हुनुले यसो भएको हो ।

भक्तपुर एफएमले छोटो प्रसारण अवधिमा भोग्नु परेको कटु अनुभवले पनि व्यवस्थापकीय मामिलामा धेरै कुरा सिकाएको छ । स्टेसन छोडेर सहर टोलतिर जाँदा श्रोताहरूले यो रेडियो स्टेसन हो कि क्यासेट बजाएको हो भनेर व्यङ्ग्य गरेको एफएम सम्बद्ध व्यक्तिहरूको अनुभव छ । श्रोताले बारम्बार सूचनामूलक सामग्री र समाचार प्रसारण गर्न माग गरेका छन् । केवल मनोरञ्जन दिने सामग्री प्रसारण गर्न भनिए पनि साहित्य, विज्ञान, स्वास्थ्य, चिठीपत्र पढ्ने तामाङ र नेपाल भाषामा कार्यक्रम प्रसारण गरिएको छ । सरकारी दबाबका कारण श्रोताको चाहना पूरा गर्न नसक्दा दिक्क लागेको भक्तपुर एफएमका व्यवस्थापकहरूको अनुभव छ ।

कान्तिपुर एफएमको प्रमुख उत्पादन नै समाचार रहेको र वर्तमान परिस्थितिका निम्ति स्टेसनले कुनै तयारी नगरेकोले अत्यन्त नराम्रो प्रभाव परेको स्टेसन म्यानेजर प्रभात रिमालले बताउनुभयो । नयाँ परिस्थितिको सामना गर्न स्टेसनलाई नयाँ ढङ्गले पुनर्संयोजन र व्यवस्थित गर्नेतर्फ विचार भइरहेको रिमालको भनाइ थियो । मानसिक रूपमा तयार हुनलाई नै करिब तीन महिना लाग्नुले समाचार र रेडियो स्टेसनको व्यापारको अन्तरनिर्भरतालाई पनि पस्केको छ ।

माघ १९ पछि काठमाडौँबाहिरका रेडियोहरू पनि दुरावस्थातिरै धकेलिए । व्यवस्थापनलाई प्रत्यक्ष असर पार्ने समस्या उपत्यकाबाहिरका एफएम स्टेसनलाई झन् धेरै पर्‍यो । पत्रकारहरू र प्रसारकहरू एकसाथ पीडित भएकाले सबै स्टेसनको हकमा एउटै कुरा लागू हुने भनिए पनि रेडियो पालुङमा माओवादीको

दुःख सहनु पर्ने डरका कारण उद्यमी व्यापारीहरूले विज्ञापन दिन नचाहने समस्या देखियो । यो माघ १९ पछि आएको समस्या नभए पनि रेडियो सङ्कटमा परेको बेला लिन सकिने व्यापारिक विज्ञापन पनि नआउनुले समस्या थप्यो । सरकारी सूचना मूलक विज्ञापनहरू त पूरै बन्द गरिएकै थिए । यस्तो अवस्थामा कस्ता खालका कार्यक्रमहरू कसरी चलाउन उचित होला भन्ने सम्बन्धमा अभिमुखीकरणको आवश्यकता महसुस भएको एफएम सम्बद्ध व्यक्तिहरूले बताएका छन् ।

स्थानीय बौद्धिक व्यक्तिहरूले आफूहरूले रेडियो सुन्न छोडेको बताउँदै हिँडेपछि त्यसको उल्टो प्रभाव पनि पर्‍यो । रेडियोप्रति थप अनाकर्षण र वितृष्णा उत्पन्न गर्न यस्ता टिप्पणीले मलजल गरेको अनुभव मनकामना एफएममा संलग्न व्यक्तिहरूले गरे । मनकामना एफएममा समाचार प्रसारण बन्द गरिएपछि विज्ञापनबाट हुने मासिक आम्दानीको ३५ प्रतिशत घटेको व्यवस्थापनको तथ्याङ्क छ । माघ १९ पछि सरकारले सूचनामूलक कार्यक्रम प्रसारण नगर्न भने पनि यसो गर्न सम्भव नभएको चितवनको सिनर्जी एफएम सम्बद्ध व्यक्तिहरूको अनुभव छ । सिनर्जी एफएमको आम्दानी ४० र कालिकाको ५० प्रतिशत घटेको छ भने छिमेकी नवलपरासीको गैँडाकोटमा सञ्चालित विजय एफएमका स्टेसन म्यानेजर हरि सापकोटा माघ १९ पछि रेडियोको आम्दानी मासिक ५० हजार रुपियाँको दरले घटेको बताउनुहुन्छ । रेडियो लुम्बिनीको आम्दानी माघ १९ पछि ४० प्रतिशत घटेको सो रेडियोका अधिकारीहरूले जानकारी दिएका छन् । यो प्रवृत्तिले उनीहरूको आम्दानी घटेको आर्थिक चित्र मात्रै देखाएको छ । तसर्थ सामाजिक विकास र गतिविधिसँग सम्बन्धित कार्यक्रम दिइन थालिएको जानकारी दिँदै उनीहरू भन्छन्– “उद्घोषक प्रसारकहरूले एक अर्कासँग कुरा गरे जस्तो गरेर भए पनि केही न केही सूचना दिने काम गरिँदै आएको छ ।” रेडियो प्रसारकहरूको विचारमा सबैभन्दा महत्त्वपूर्ण कुरा त रेडियो स्टेसन सञ्चालनमा कुनै गौरवको अनुभूति हुनै छोडेको छ । रेडियोको प्रतिष्ठा पहिलेभन्दा घटेको छ । “रेडियो स्टेसनको गौरव, प्रतिष्ठा श्रोताको आधार भनेको समाचार नै रहेछ भन्ने स्पष्ट भएको छ । अहिले रेडियो सञ्चालन गर्नुमा कुनै चुनौती नै अनुभव हुँदैन” प्रसारकहरूले भनेका छन् ।

सरकारले समाचारमा प्रतिबन्ध लगाइदिएपछि रेडियोमा विज्ञापन दिनबाट टाढा हुन थालेका विज्ञापनदाताहरू विज्ञापनमा एकद्वार प्रणालीसम्बन्धी नीतिपछि थप सतर्क बने । उनीहरूले आफ्ना विज्ञापनहरू सरकारी सञ्चारमाध्यम, पत्रपत्रिका वा टेलिभिजनतिर मोडे । कान्तिपुर एफएमका स्टेसन म्यानेजर प्रभात रिमालका

अनुसार आर्थिक वर्ष २०६२/६३ को खर्चमा कतिपय व्यवसायीले स्वतन्त्र रेडियोलाई विज्ञापन दिने खर्च नै छुट्ट्याएनन् । यसो हुनुमा मुख्य त चारओटा पक्ष प्रभावी रहेको अनुमान गर्न सकिन्छ । ती यसप्रकार छन्– (१) समाचार विहीनताका कारण श्रोता र लोकप्रियता घटेपछि स्वाभाविक रूपमा घटेको रेडियोको आकर्षण; (२) सरकारी विज्ञापन नीतिको तत्कालीन मनोवैज्ञानिक प्रभाव; (३) सरकारले विज्ञापन नदिएको माध्यममा विज्ञापन दिँदा लेखा परीक्षण, करलगायतका माध्यमबाट आउँदा दिनमा अनेक झमेला आइलाग्न सक्छन् भन्ने सोच र (४) राज्यले नियन्त्रण गर्न र हतोत्साहित गर्न चाहने माध्यमलाई विज्ञापन दिएर सहयोग गरेको देखिने हुनाले राज्यलाई चुनौती दिएको जस्तो हुनसक्छ भन्ने अनुमान र आशङ्का ।

## *विकल्पको खोजी*

एफएममा समाचार प्रसारण रोकिएपछि र अन्य सञ्चार माध्यममा पनि तोकिएको ढाँचामा मात्र समाचार आउन थालेपछि सूचनाका भोकाहरू छट्पटिए । नेपाली समाचार मात्रै नभएर लण्डनबाट प्रसारण हुने बीबीसी नेपाली सेवाको कार्यक्रम पनि देशका विभिन्न एफएम स्टेसनबाट प्रसारण हुन्थे, सबै बन्द भए । बीबीसी नेपाली सेवा सुन्नका लागि सर्टवेभ ब्याण्डमा मात्र भर पर्नुपर्ने अवस्था आयो । यो अवस्थामा सर्टवेभ टिप्ने रेडियो निकै बिक्री भए । सस्ता चार व्याण्डका रेडियोले सर्टवेभ नसमात्ने हुनाले विदेशी कार्यक्रम सुन्न बाधा परेका कारण भारतीय र जापानी रेडियोको माग बढेको सन्दर्भ पत्रपत्रिकाले छापेका छन् (नेपाल समाचारपत्र २०६१ख) । जनकपुरमा यस्ता रेडियोको बिक्री बढेको समाचार स्थानीय संवाददाता वृजकुमार यादवकै स्वरमा बीबीसी नेपाली सेवाले माघ महिनामै प्रसारण गरेको थियो ।

यो सन्तुलित र वास्तविक समाचारप्रतिको मोह थियो । स्वतन्त्र रेडियोहरूले समाचार दिँदा सरकार, विद्रोहीलगायत सबै पक्षको समाचार प्रसारण हुन्थ्यो । तर त्यो नै नरहेपछि सरकार र विद्रोही दुवै पक्षका समाचार थाहा पाउन दुवै थरी रेडियो सुन्नुपर्ने अवस्था आइलाग्यो । सरकारको आलोचनायुक्त समाचारमात्र प्रसारण गर्ने विद्रोही माओवादीद्वारा एफएम माध्यमबाट सञ्चालित रेडियोहरूले यो मौकामा थप लोकप्रियता हासिल गरे ।

वर्तमान सत्तालाई चुनौती दिएर बसेका विद्रोही समूहले सञ्चालन गरेका त्यस्ता 'रेडियो जनगणतन्त्र नेपाल' पालैपालो देशभर गुञ्जने गर्छन् । वैध एफएमहरूको भोक लाग्नेलाई अवैध एफएममा भर पर्नुपर्ने बाध्यता आएको

महसुस गरियो ।[१६] यसबारे पत्रकार तथा मानवअधिकारकर्मी पुरुषोत्तम दाहालको भनाइ छ– "वैध समाचारलाई रोकेर अवैध सूचनालाई फैलने मौका दिने समयको बाध्यता हो कि अन्तर्निहित आकाङ्क्षा, मजस्ता कलमजीवीहरूले बुझ्न सकिरहेका छैनौँ" (दाहाल २०६१: ४) ।

माओवादीले देशभरीमा पाँचओटा मोबाइल एफएम स्टेसनहरूमार्फत समाचार लगायतका सामग्रीहरू प्रसारण गर्दै अएका छन् । राज्यद्वारा सञ्चालित रेडियो सदैव माओवादीविरुद्ध प्रचार अभियान चलाएझैँ माओवादीले पनि राज्यविरुद्ध प्रचारबाजी गर्ने काम आफ्नो 'रेडियो जनगणतन्त्र नेपाल' मार्फत गर्दै आएका छन् । यही क्रममा २०६१ फागुन ९ गते माओवादी रेडियोले पार्टीका अध्यक्ष प्रचण्डको सन्देश प्रसारण गऱ्यो । माघ १९ को शाही सम्बोधनमा जस्तै प्रचण्डको सन्देश पनि जनताका नाममा थियो । त्यसको केही अंश बीबीसी नेपाली सेवाले पनि प्रसारण गऱ्यो । माओवादी रेडियोले भने पूरै प्रसारण गरेको जानकारी सुन्नेहरूबाट पाइएको छ ।

माओवादीको एफएम रेडियो सञ्चालनबारे नेपालका लागि संयुक्त राज्य अमेरिकाका राजदूत जेम्स एफ मोरियार्टीले समेत सुरक्षा निकायसित जिज्ञासा राख्नुभएको थियो (कान्तिपुर २०६२घ) । शाही नेपाली सेनाको पूर्वी पृतना हेडक्वार्टरको भ्रमण गरी पूर्वका १६ जिल्लामा भइरहेको कारबाही र माओवादीबारे जानकारी दिँदै सुरक्षा अधिकारीहरूले २०६२ साउन १६ गते उहाँको जिज्ञासा शान्त पार्ने प्रयास गरेका थिए । "जनतालाई मीठा कुरा सुनाएर प्रभावित पार्ने माओवादीले एफएमलगायत सञ्चार माध्यमहरूमा हात हालेका छन्" भन्दै मोरीयार्टीले यसखाले सञ्चार तत्काल बन्द गर्नुपर्छ भन्ने धारणासमेत राख्नुभएको थियो । उहाँको भनाइको जबाफमा सुरक्षा अधिकारीहरूले माओवादीले एफएम चलाएको ठाउँ खोजी भइरहेको र सुरक्षाफौजले ध्वस्त पार्ने रणनीति लिएको जनाएका थिए ।

यसरी सरकारले पैदा गरेको खाली ठाउँको उपयोग गर्दै माओवादीले आफ्नो रेडियो प्रसारणलाई अगाडि त बढाए नै, समाचार नबजाएको बहानामा स्वतन्त्र एफएम रेडियोलाईसमेत धम्की दिन थाले । कतिपय रेडियो स्टेसनहरूलाई "समाचार नबजाउने भए हामी लिन आउँछौँ" भन्ने आशयका प्रत्यक्ष वा अप्रत्यक्ष खबर पठाउने गरेको रेडियो स्टेसन सम्बद्ध व्यक्तिहरूले जानकारी दिएका छन् । समाचार नबजाए रेडियो स्वतः मर्ने हुनाले रेडियो स्वतन्त्रताको अधिकार उपभोग गरेरै खतरा मोल्नु श्रेयस्कर हुने रेडियो स्वर्गद्वारीका स्टेसन

---

[१६] सोलुखुम्बुदेखि कैलालीसम्मका विभिन्न रेडियो स्टेसनका आधिकारिक व्यक्तिसँगको अन्तर्क्रियामा आधारित ।

म्यानेजर दधिराम सुवेदीको विचार छ । समाचार प्रसारण गरे राज्यको शिकार हुनुपर्ने र नगरे माओवादीको शिकार हुनुपर्ने खतरा मूलतः काठमाडौँबाहिरका रेडियो स्टेसनहरूले भोगे ।[१७] माओवादीको खतरालाई बिर्सने हो भने पनि समाचार प्रसारण नगर्दा रेडियोका श्रोता र आकर्षण घट्ने तथा सामाजिक उत्तरदायित्व र कर्तव्य नहुने भएकाले यसको जीवन्तता नरहने महसुस रेडियो सञ्चालकहरू स्वयंले गरेका छन् ।

## दमनको प्रतिरोध

माघ १९ को शाही घोषणालाई प्रजातन्त्र र नागरिक अधिकारविरुद्धको 'कू' भन्ने ठहर गरेर नेपाल पत्रकार महासङ्घले माघ २० गते एक वक्तव्यमार्फत 'सम्पूर्ण प्रेस जगत्लाई अधिकार प्राप्तिका लागि सङ्घर्ष' गर्न आह्वान गऱ्यो । २०६२ जेठको मध्यतिरबाट स्वतन्त्र रेडियो स्टेसनहरू आन्दोलनमा उत्रे जसमा पत्रकार महासङ्घले सक्रिय सहकार्य जनाउन सबै शाखालाई परिपत्र नै जारी गऱ्यो । त्यसपछि महासङ्घको केन्द्रीय समिति र अन्य शाखाहरूले विरोधका अनेक कार्यक्रम गरे ।

२०६२ जेठ ११ गते रेडियोकर्मी तथा प्रसारकहरूले प्रेस स्वतन्त्रताविरोधी सबै खाले कदमको विरुद्धमा सङ्घर्ष गर्न 'स्वतन्त्र रेडियो बचाउ आन्दोलन, केन्द्रीय सङ्घर्ष समिति' गठन गरे ।[१८] यसले विरोधका कार्यक्रम अघि बढायो । पहिलो चरणका विरोध कार्यक्रमहरू जेठ १५ देखि जेठ २१ गतेसम्म, दोस्रो चरण जेठ २५ देखि असार १० गतेसम्म र तेस्रो चरणका कार्यक्रम असार १६ देखि असार ३० गतेसम्मका थिए ।

विरोधका कार्यक्रमहरू प्रतीकात्मक थिए । जस्तैः स्वतन्त्र रेडियो स्टेसनहरूले एक मिनेट रेडियोबाट शङ्ख बजाउने, मन्दिरमा पूजाथालीमा रेडियो सेटसमेत

---

[१७] कैलालीको अत्तरियामा रहेको सामुदायिक रेडियो घोडाघोडी एफएमको स्टेसन २०६२ जेठ ५ गते माओवादी कार्यकर्ताहरूले कब्जा गरे । राति १०:३० बजेतिर आएका उनीहरूले एफएमका सबैजसो सामान गरेर करिब १० लाख रुपियाँ बराबरको लुटपाट गरेको बताइएको छ । त्यो घटनाको चौतर्फी विरोध भयो । सामुदायिक रेडियो प्रसारक सङ्घ, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (ब्यान) लगायतले औपचारिक रूपमा विरोध गर्दै लुटिएका सामग्री फिर्ता गर्न माग गरे । तर माओवादीबाट यसको सुनुवाई भएन । उल्टै माओवादीले रेडियोलाई थप आक्रमणको खतरा महसुस हुने गरी खबर पठाउने गरिरहेका छन् ।

[१८] समितिका संयोजक रघु मैनाली, सदस्यहरू विष्णुहरि ढकाल; घमराज लुइँटेल; प्रभात रिमाल; पी. खरेल; हेमबहादुर विष्ट र विनोद ढुङ्गेल । सल्लाहकारहरू हेमराज ज्ञवाली, शिवलाल मल्ल, भरत शाक्य, सुरेश आचार्य, तारानाथ दाहाल, सुमन बस्नेत, विनयकुमार कसजू र आरके मानन्धर ।

राखेर सरकारको सद्‌बुद्धिका लागि प्रार्थना गर्ने, विचार तथा अभिव्यक्ति र सूचनाको हकसम्बन्धी संविधानका धाराहरू रेडियोबाट पाठ गर्ने, नबज्ने रेडियो सेट हुलाकबाट सूचना तथा सञ्चार मन्त्रीमार्फत मन्त्रीपरिषद्‌का नाममा पार्सल पठाउने, बाँदरका हातमा नरिवल दिने आदि । यसअलावा अर्को प्रकृतिको




तस्बिर ४.५ः माघ १९ पछि बेरोजगार बनाइएका रेडियो पत्रकार विरोध प्रदर्शनमा (तस्बिरः मुकुन्द बोगटी) ।

कार्यक्रम थियो– जनमतसङ्ग्रह । २०६२ असार ३० गते स्वतन्त्र रेडियोमा समाचार चाहिन्छ कि चाहिँदैन भन्ने विषयमा सार्वजनिक मतदान गरिएको थियो । मतदानमा सहभागिताका लागि श्रोतालाई एफएम रेडियोमार्फत आह्वानसमेत गरिएको थियो । एफएम रेडियोमा समाचार चाहिन्छ भन्ने पक्षमा भारी मतपरिणाम आयो ।

यसैबीच स्वतन्त्र रेडियोसँग आबद्ध पत्रकारहरूलाई सङ्गठित गर्ने उद्देश्यले २०६२ जेठ १५ गते 'स्वतन्त्र रेडियो पत्रकार सङ्घर्ष समिति' गठन भयो ।[१९] जेठ १६ गते पोखराका प्रसारकहरूले र असारको पहिलो साता चितवनको सिनर्जी एफएमले



तस्बिर ४.६: सरकारको सद्बुद्धिका लागि पशुपतिमा एफएम रेडियो सेटसमेत चढाएर पूजा गर्दै रेडियोकर्मीहरू, अग्रभागमा केन्द्रीय सङ्घर्ष समितिका संयोजक रघु मैनाली (तस्बिरः मुकुन्द बोगटी) ।

२०६१ माघ १९ पछि निष्कासित पत्रकारहरूलाई पुनर्बहाली गरिएको घोषणा गरे । रेडियो पत्रकार सङ्घर्ष समितिले काठमाडौँमा खास गरी सडक समाचारको जिम्मेवारी लिएर आन्दोलनको सर्वाधिक लोकप्रिय र प्रभावकारी हिस्सालाई अगाडि बढायो । काठमाडौँबाहिर पनि सडक समाचार अत्यन्त लोकप्रिय र प्रभावकारी भयो ।

आन्दोलनकै क्रममा सरसल्लाह, अन्तरक्रिया, विचार गोष्ठी, भेला आदि अनेकौं औपचारिक कार्यक्रमहरू पनि भए । आन्दोलनको केही कार्यक्रम भने सीधै राजासँग गाँसिएका थिए । २०६२ जेठ ३० गतेको राजाको दोहा भ्रमणसम्बन्धी समाचार बेलुका ८:०० बजे सबै एफएमबाट प्रसारण गर्ने कार्यक्रमले आन्दोलनमा निकै भ्रमसमेत पैदा गऱ्यो । सरकारी प्रपञ्चका कारण दोहा भ्रमणसम्बन्धी समाचार काठमाडौँ

[१९] समितिका संयोजक विनोद ढुङ्गेल र सदस्यहरू सरोज दाहाल, नवीन खतिवडा, भुवन भट्ट, श्रीकृष्ण महर्जन, विमल योगी र राजेन्द्र फुयाल ।

उपत्यकाका कुनै पनि एफएम स्टेसनले प्रसारण गरेनन् भने काठमाडौँबाहिरका रेडियोले गरे । तर, भोलिपल्ट पूर्ववत् रूपमा दोहा भ्रमणसम्बन्धी थप समाचार १६ ओटा एफएम स्टेसनले प्रसारण गरे । नयाँ शैलीको कार्यक्रमलाई निस्तेज पार्न सूचना तथा सञ्चार मन्त्रालयले सूचना निकालेर स्थायी प्रकृतिको सर्त तोक्यो (कान्तिपुर २०६२ङ, गोरखापत्र २०६२ख) । त्यसमा 'रोक लगाउने गरी तोकिएको सर्त विपरीत प्रसारण गरेको पाइएमा इजाजतपत्र नै रद्द तथा सजायसमेत हुने' चेतावनी थियो ।

आन्दोलनको कार्यक्रम भित्र सडक समाचारवाचन पनि थियो । सडक समाचारको क्रम जेठ १५ गते पाँचथरबाट सुरु भएको थियो । फिदिम बजारको मुख्य चोकमा 'जनताको सडक एफएम' स्टेसन खडा गरेर स्थानीय पत्रकारहरूले समाचार पढेका थिए । विराटनगरमा पनि सडक समाचारप्रति नगरवासीको निकै आकर्षण देखिएको जेठ २४ गतेको *नेपाल समाचारपत्र* र असार १ गतेको *राजधानी* दैनिकले खबर छापेका थिए । जेठ २७ गते काठमाडौँका साथै देशभरिका प्रमुख सहरहरूमा सडक समाचार वाचन गरियो । झापाको कञ्चनजङ्घा एफएमले त्यस दिन बिहान ८:०० बजे रेडियोबाटै समाचार प्रसारण गरेर सरकारी निर्देशनको अवज्ञा गऱ्यो ।

२०६२ जेठ २१ गते पाल्पाका पत्रकारहरूले श्री ५ ज्ञानेन्द्रसमक्ष 'माघ १९ पछिको प्रेसको अवस्था दु:खपूर्ण भएको' बताएर प्रेस स्वतन्त्रता नपाएको गुनासो पोखे । पाल्पा र स्याग्दीको भ्रमणका अवसरमा श्री ५ बाट पत्रकारहरूको गुनासोमा कुनै प्रतिक्रिया नजनाइएको खबर जेठ २२ गतेको *कान्तिपुर*ले छापेको थियो ।

### ***बन्देजविरोधी बोली***

२०६१ माघ १९ पछि रेडियोमाथि सरकारले लगाएको बन्देजका विरुद्धमा तर्कपूर्ण स्वरहरू प्रशस्तै निस्केको देख्न पाइयो । कसैले सार्वजनिक कार्यक्रममा वा विज्ञप्तिमार्फत बोलेर यस कदमको विरोध गरे भने कसैले पत्रपत्रिकामा लेखेर । उता सरकारले भने आफ्नो स्वामित्वको सञ्चारमाध्यमको प्रयोग गरेर एफएम रेडियोको समाचारविरुद्ध प्रचार अभियान नै छेड्यो । रेडियोमथिको बन्देज सँगसँगै सरकारले– "संसारमा कहीँ पनि एफएम रेडियोले समाचार प्रसारण गर्दैनन्" भन्ने जस्ता झुटो प्रचारको सहारा लियो (हेर्नुहोस् तस्बिर ४.७) । त्यस्तो 'संसार' देखेका मान्छेहरू प्रस्तुत गर्न भने सरकारी सञ्चारमाध्यम र सञ्चारमन्त्री तथा सरकारमा बसेका व्यक्तिहरूले खासै सकेनन् ।

खुला समाजमा विश्वास गर्ने बौद्धिक वर्ग र नागरिक समाजका साथै व्यावसायिक सङ्घ संस्थाहरूले जोडका साथ स्वतन्त्र सञ्चारको वकालत गर्ने



# एफएमलाई समाचार प्रसारण गर्ने छुट विश्वमा कतै छैन

गोरखापत्र समाचारदाता

**काठमाडौँ, माघ २३ गते । एफएम (फ्रिक्वेन्सी मोडुलेसन) रेडियोलाई समाचार प्रसारण गर्ने छुट विश्वका कुनै पनि मुलुकमा दिने गरिएको छैन ।**

"नेपालमा भने विगत केही समयदेखि यो छुट एफएम रेडियोहरूले कसरी प्राप्त गरे भन्नेबारे स्पष्ट कारण हामीले पनि आजसम्म थाहा पाएका छैनौँ", सूचना विभागका एक अधिकृतले गोरखापत्रलाई बताए ।

मैले धेरै देशको आमसञ्चारको स्थितिबारे लेखिएका रिपोर्ट र पुस्तकहरूको विस्तृत अध्ययन गरेँ तर नेपालबाहेक अन्य कुनै मुलुकमा पनि एफएम रेडियोलाई समाचार सङ्कलन गर्ने छुट दिएको पाइनँ भन्दै ती अधिकृतले भने, "एफएम रेडियोहरूलाई जथाभावी समाचार प्रसारणको छुट दिँदा साम्प्रदायिकता भड्किने, राष्ट्रिय अन्योल सिर्जना हुनसक्ने, हत्या-हिंसा चर्किने, राजनीतिक खिचातानी बढ्ने आदि समस्या बारम्बार आउन सक्दछ ।"

यही कारणले गर्दा छिमेकी मुलुक भारत, बङ्गलादेश, श्रीलङ्कामा पनि विशुद्ध मनोरञ्जन कार्यक्रमबाहेक समाचार प्रसारण गर्ने छुट एफएम रेडियोलाई दिइएको छैन ।

यसैगरी, एफएम रेडियोको प्रसारण क्षेत्र पनि ज्यादै सीमित हुने गर्छ । यस क्रममा एफएम रेडियोलाई वितरण गरिने प्रसारण क्षमता प्रविधिको स्वीकृति पनि ज्यादै न्यून 'वाट'को हुनुपर्छ भन्ने दावी विशेषज्ञहरूको छ । विश्वका प्रत्येक मुलुकले यस्तै गर्ने गरेका छन् । तर, भ्रष्टाचारको आरोपमा मुद्दा खेपिरहेका एक नेता विगतमा सञ्चारमन्त्री हुँदा कान्तिपुर एफएमलाई अधिराज्यभर एकै प्रसारणकेन्द्रबाट एकै चोटि सुनिनसक्ने क्षमता भएको एफएम सञ्चालनको स्वीकृति दिएका थिए । ती मन्त्रीको उक्त निर्णयको विरोध अन्य एफएम तथा सञ्चारजगत्बाट व्यापकरूपमा भए पनि ती मन्त्रीले कसैको भनाइ सुनेनन् ।

बन्दको पूर्वघोषणा, जुलसका लागि भेला हुन पूर्वआह्वान गर्नेदेखि लिएर हत्या, हिंसालाई सघाउ पुग्ने सूचना तथा समाचारहरू यहाँका कतिपय एफएमले खुलारूपमा प्रसारण गर्दै आएको र यही कारणले शान्तिसुरक्षाको स्थिति झन्झन् नाजुक बन्दै गएको विचार अधिकांशको छ ।

यसैबीच, श्री ५ को सरकारले राष्ट्रिय प्रसारण नियमावली-२०५२ बमोजिम तत्काल लागू हुनेगरी एफएम रेडियोको समाचार प्रसारणमाथि लगाएको रोक राष्ट्रिय खाँचो नै भएको विचार व्यापकरूपमा अभिव्यक्त हुन थालेको छ ।

"एफएम रेडियोको समाचारबाट सर्वसाधारण बौलाउने स्थितिमा पुगिसकेका थिए, अहिले शान्त छन्", त्रिविका विद्यार्थी राम खरेल भन्दछन् ।

तस्बिर ४.७: एफएम रेडियोको समाचारविरुद्ध गलत प्रोपगाण्डाको नमूना, *गोरखापत्र* २०६२ माघ २४, पृ. १ मा प्रकाशित समाचार ।

क्रममा रेडियोको पक्षमा बोले । राष्ट्रिय मानवअधिकार आयोगले एफएम रेडियोमाथिको नियन्त्रण अन्त्य गरी सूचना एवं जानकारीमूलक सामग्री प्रसारण गर्न दिन सरकारलाई सिफारिस गरेको थियो । त्यसबाहेक विभिन्न पत्रपत्रिकामा सम्पादकीय छापिए भने विभिन्न व्यक्तिले रेडियो प्रसारणमा आएको यो व्यवधानको विरोधमा पत्रपत्रिकामा लेख लेखे (कान्तिपुर २०६२ग) ।

नेपाली प्रेस, खास गरी एफएम रेडियोमाथि परेको सङ्कटप्रति विभिन्न अन्तर्राष्ट्रिय संस्थाले पनि निकै चासो देखाए । अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आइएफजे), दक्षिण एसियाली स्वतन्त्र पत्रकार सङ्गठन (साफ्मा), कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (सीपीजे) जस्ता संस्थाबाट नेपाली प्रेस जगत्ले भोगेको असहज परिस्थिति हेर्न र सुधारका लागि दबाब दिने उद्देश्यले विभिन्न समयमा मिसनहरू आए । रिपोर्टर्स्

विदाउट बोर्डर्स (आरएसएफ), अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ आदिले सरकार र सरकार प्रमुखलाई असामान्य परिस्थितिप्रति चिन्ता व्यक्त गर्दै पत्र पनि पठाएका थिए ।[२०]

## निकासको खोजी

### *रेडियो-सरकार वार्ता: निरर्थक प्रयास*

यसैबीचमा सूचना तथा सञ्चार मन्त्रालयले रेडियोकर्मीहरूलाई वार्ताको प्रस्ताव पठायो । सरकारी निम्तोपछि अनौपचारिक वार्ताका आधारमा राजाको २०६२ जेठ ३० गतेको दोहा भ्रमणसम्बन्धी समाचार प्रसारण नगर्न रेडियो आन्दोलनसँग सम्बद्ध व्यक्तिहरू तयार भए । उनीहरूले ढिलोसम्म बैठक गरेर काठमाडौँका एफएम स्टेसनलाई समाचार प्रसारण गर्नबाट रोके तर काठमाडौँबाहिर रोक्न भ्याएनन् । आन्दोलन रोक्ने निर्णय हुँदै गर्दा आधा दर्जन रेडियो पत्रकारसहित ४८ जना पत्रकार काठमाडौँमा र पत्रकारसहित विभिन्न पेसाका ५२ जना बनेपामा थुनिएका थिए । यसले आन्दोलनमा ठूलो आशङ्का र भ्रम पैदा गरिदियो । स्वतन्त्र रेडियो बचाउ आन्दोलनका सल्लाहकार सुरेश आचार्यको भनाइमा यो सरकारप्रति विश्वास गरेर उसका कुरा पत्याउनुको प्रतिफल थियो । भोलिपल्टका अखबारमा यो विवाद सार्वजनिक भयो (कान्तिपुर २०६२च) । जेठ ३१ गते १६ ओटा एफएम रेडियोले राजाको दोहा भ्रमणसम्बन्धी समाचार प्रसारण गरेपछि सरकार वार्ताका लागि थप आतुर देखियो । रेडियोकर्मीहरूले असार २ गते वार्ता समिति गठन गरे । त्यसै दिनबाट सरकारसँग औपचारिक वार्ताको थालनी भयो ।[२१] अवधारणात्मक कुराहरूमा नै पहिलो वार्ता सीमित भयो, खास एजेण्डामा प्रवेशै गरेन ।

---

[२०] नेपाली सञ्चार क्षेत्रले भोगेको अवस्थाप्रति अन्तर्राष्ट्रिय चासोबारे विस्तृत चर्चा ढुङ्गेल (प्रकाशोन्मुख) मा गरिएको छ । विभिन्न समयमा आएका अन्तराष्ट्रिय मिसनले आ-आफ्ना प्रतिवेदनहरू तयार गरी सार्वजनिक गरेका छन् । यसका लागि नाकी (सन् २००५) तथा निम्न वेबसाइटहरू हेर्नुहोस्– http://www.cpj.org/news/2005/Nepal_mission_july05.html; http://www.southasianmedia.net/mediamonitor/; http://www.ifj.org/gifs/Nepal%20coups%20kings%20and%20censorship.pdf; http://www.rsf.org/article.php3?id_article=14744; http://www.ifex.org/en/content/view/full/68809/; http:// www.freemedia.at/Protests2005/Rep_Nepal 2005.htm; http://www.freemedia. at/r_NepalMission16.07.05.htm; http://www.freemedia.at/PDFs/Nepal%20Mission%20Report%20_Final%20-%2019%20August%202005_.pdf

[२१] रेडियोकर्मीतर्फबाट वार्ता टोलीमा संयोजक रघु मैनाली, सदस्यहरू घमराज लुइँटेल, भरत शाक्य, विष्णुहरि ढकाल र विनोद ढुङ्गेल सरकारका तर्फबाट तत्कालीन सञ्चारसचिव लोकमानसिंह कार्की र कानून अधिकृत अमरराज पौडेल हुनुहुन्थ्यो।

दोस्रो वार्ता २०६२ असार ५ गते भयो । १५ मिनेटको छोटो समयमा पनि सरकारी वार्ता टोलीका प्रमुखले 'समाचारबाहेकका सबै कुरामा छलफल गर्न सकिने' बताए । तैपनि असार ८ गतेको अर्को बैठकमा दुवैतर्फबाट लिखित एजेण्डा प्रस्तुत गर्ने सहमति गरेर वार्ता सकियो । असार ८ गते गर्ने भनिएको तेस्रो वार्ता असार १९ गते भयो । त्यस दिन स्वतन्त्र रेडियो बचाउ आन्दोलनका तर्फबाट लिखित अवधारणा प्रस्तुत गरियो । सरकारले पनि लिखित एजेण्डा प्रस्तुत गऱ्यो । त्यसअघि नै सरकारले मध्यस्थकर्तामार्फत एजेण्डा पठाएको थियो । त्यो एजेण्डामा सूचनामूलक गतिविधि प्रसारण गर्नपाउने विषयक्षेत्र र रेडियोको इजाजतपत्र नवीकरणमा छुट दिने व्यवस्थाको प्रस्ताव गरिएको थियो ।[२२] सरकारसँग हुनलागेको सहमतिको सबैभन्दा माथि 'समाचार तथा समाचारमूलक कार्यक्रमका विषयमा वार्ता र संवादलाई जारी राख्दै' सरकार र रेडियोकर्मीबीच सहमति भएको उल्लेख गर्न पनि सरकार तयार भएन । यसअघि आन्दोलनले 'समाचार तथा समाचारमूलक कार्यक्रमका विषयमा रहेका असहमति कायम राख्दै' भन्ने उल्लेख गर्न प्रस्ताव राखेको थियो ।

अन्ततः वार्ता अवरुद्ध भयो । सरकारले समाचार र विचार नबजाउने, नवीकरण शुल्क मिनाहा गर्ने कुरामा सहमति जनाउने भए मात्र वार्ता हुने खबर सम्पर्क सूत्रमार्फत असार २८ गते रेडियो वार्ता टोलीलाई पठायो । तर सरकारले देखाएको प्रलोभन स्वीकारेर सम्झौता गर्ने अधिकार स्वतन्त्र रेडियो बचाउ आन्दोलन केन्द्रीय सङ्घर्ष समितिलाई नरहेका कारण सरकार र आन्दोलनरत रेडियोहरूबीच सहमति हुन नसकेको जानकारी सङ्घर्ष समितिका प्रवक्ता घमराज लुइँटेलले प्रेस विज्ञप्ति निकालेर सार्वजनिक गरिदिनुभयो ।

### *अन्तिम आधार अदालत*

माघ १९ गतेको शाही घोषणालगत्तै जारी गरिएको सङ्कटकालीन अवस्थाको आदेशपछि नागरिकका प्रायः सम्पूर्ण मौलिक हक अधिकार निलम्बित भए । तर निलम्बनमा नपरेका केही धारा र उपधारा थिए, जसलाई स्वतन्त्रताको पक्षमा नागरिकले उपभोग गर्ने अधिकार थियो । त्यो अवस्थामा नेपाल पत्रकार महासङ्घको केन्द्रीय कार्यसमितिको आकस्मिक बैठकले केन्द्रीय सदस्य तथा केन्द्रीय समितिले गठन गरेको श्रमजीवी पत्रकार कानून कार्यान्वयन अनुगमन तथा सहायता

---

[२२] सरकारी प्रस्तावमा २० देखि १०० वाटसम्मका रेडियोलाई ८० प्रतिशत, १०१ देखि ५०० सम्मकालाई ७५ प्रतिशत, ५०१ देखि १००० वाटसम्मका रेडियोलाई ४० र त्यसभन्दा माथिका रेडियोलाई १० प्रतिशत छुट दिइने कुरा लेखिएको थियो ।

समितिका सदस्य विनोद ढुङ्गेललाई महासङ्घको तर्फबाट रिट निवेदन दर्ता गर्ने अख्तियारी प्रदान गऱ्यो । सोही अख्तियारीको आधारमा 'हाल एफएम रेडियोहरूका लागि प्रसारण सामग्री उत्पादन तथा वितरण गर्ने कम्पनी– कम्युनिकेसन कर्नरको सम्पादक' समेत रहेको जानकारी दिँदै महासङ्घका तर्फबाट सङ्कटकाल सकिनुभन्दा १० दिनअघि वैशाख ६ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरियो ।

रिट निवेदन सङ्कटकालीन अवस्थाको आदेशद्वारा निलम्बनमा नपरेका धाराहरूको आधारमा दायर गरिएको थियो । रिट निवेदनमा सरकारले स्वतन्त्र रेडियोहरूलाई दिएको निर्देशनले निवेदकको संविधानप्रदत्त हक कुण्ठित भएको दाबी गरिएको छ । रिटमा सरकारी निर्देशनले निवेदकको संविधानको धारा ११(१), १२(१), १२(२)(ङ) द्वारा प्रदत्त हकमा आघात एवं कुण्ठा पुगेको दाबी गरिएको छ ।[२३]

सरकारी सूचना राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ७ सँग पनि बाझिएको दाबी रिट निवेदनमा गरिएको छ ।[२४] यस आधारमा समानताको हकले स्वेच्छाचारितालाई मान्यता नदिने तर राज्यका आदेशहरू स्वेच्छाचारी भएको दाबी गरिएको छ । यसै गरी धारा १२(१) ले वैयक्तिक स्वतन्त्रताको ग्यारेन्टी गरेको छ, जसअन्तर्गत जीवनको अधिकार पनि पर्छ । यो अधिकार संविधानको १२(२)(ङ) सँग पनि सम्बन्धित छ, किनकि सम्मानपूर्वक पेसा एवं व्यवसायको अभावमा व्यक्तिले सम्मानपूर्वक बाँच्ने अधिकार नै गुमाउँछ । त्यसैले रेडियो स्टेसनबाट मनोरञ्जनात्मकबाहेक कुनै कुरा प्रसारण गर्न नदिएपछि एउटा समाचार सम्पादकको रोजगारी खोसिने र सम्मानपूर्वक बाँच्ने अधिकार कुण्ठित हुने आधार रिट निवेदनमा उल्लेख गरिएको छ । ऐनको हकमा भने दफा ७ मा 'कुनै विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम' प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने व्यवस्थाको विपरीत कुनै खास कार्यक्रम मात्र प्रसारण गर्नू भन्ने निर्देशन अमिल्दो भएको तर्क गरिएको छ । वास्तवमा ऐनले दिएको अधिकारलाई नियमले कटौती गर्नु भनेको विधायिकाको अधिकारलाई कार्यपालिकाले कटौती गर्नु हो भन्ने पुष्टि हुन्छ ।[२५]

---

[२३] धारा- ११(१) मा "सबै नागरिकको कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको स्थान संरक्षणबाट वञ्चित गरिनेछैन" भनिएको छ । १२(१) मा "कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको हरण हुने छैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइनेछैन" उल्लेख छ । १२(२)(ङ) मा "सबै नागरिकलाई 'कुनै पेसा, रोजगारी, उद्योग र व्यापार गर्ने स्वतन्त्रता हुनेछ" भनिएको छ ।

[२४] राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ७– "राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एकपटकमा ६ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।"

[२५] यो रिट निवेदनको पूर्ण पाठका लागि अनुसूची ४ हेर्नुहोस् ।

यो मुद्दामा वैशाख ७ गते न्यायाधीश अर्जुनप्रसाद सिंहको एकल इजलासले सरकारलाई १५ दिनभित्र लिखित जबाफ पठाउन आदेश दियो। अन्तरिम आदेशका सम्बन्धमा भने छलफल गर्नका लागि सरकारपक्षलाई पनि वैशाख १२ गते अदालतमा उपस्थित हुन आदेश दियो। तर प्रक्रियागत त्रुटिबाट वैशाख ७ गते तारिख गुजारेको देखिएकोले वैशाख १५ गते मात्र मुद्दा हुन पेसीमा चढ्यो। अन्ततः न्यायाधीशहरू केदारप्रसाद गिरी, शारदाप्रसाद पण्डित र परमानन्द झाको विशेष इजलासले आदेश दियो– "कानूनी प्रश्नको निराकरण लिखित जबाफ प्राप्त भएपछि पूर्ण सुनुवाइबाट हुनसक्ने विषय हुँदा हाल निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गर्न परेन। विषयको गम्भीरता हेरी लिखित जबाफ प्राप्त भएपछि प्रस्तुत रिटलाई अग्राधिकार दिई पेस गर्नू।"

त्यसपछि सरकारले अदालतलाई लिखित जबाफ पठाउन थाल्यो। त्यसअनुसार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका तर्फबाट तत्कालीन सचिव मुकुन्द शर्मा पौड्यालले जबाफ पठाउनुभयो। "विपक्षी रिट निवेदकले यस कार्यालयको के-कस्तो कामकारबाहीबाट निजको के-कस्तो हक अधिकारको हनन् भएको हो ? त्यसको स्पष्ट जिकिर नलिई विनाआधार र कारण यस कार्यालयसमेतलाई प्रत्यर्थी बनाई दिएको रिट निवेदन खारेज भागी छ"– ४ बुँदे जबाफको प्रमुख जबाफमा भनिए जस्तै आशयको जबाफ गृह सचिव चण्डीप्रसाद श्रेष्ठले पनि दिनुभएको छ। कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका तर्फबाट सचिव डा. कुलरत्न भुर्तेलले पठाउनुभएको जबाफमा ऐनको दफा ७ र नियमावलीको नियम ८(च) बीच कुनै सम्बन्ध नरहेको तर्क गर्दै ऐन र नियमावलीले गरेको व्यवस्था भिन्दाभिन्दै अवस्थाका लागि बनेका र नियमावलीको प्रावधानले ऐनको व्यवस्थालाई ननाघेको बरु अत्यन्त सीमित भएको दाबी गरिएको छ र रिट खारेजीको माग गरिएको छ।

यसै गरी सूचना तथा सञ्चार मन्त्रालयका तत्कालीन सचिव लोकमानसिंह कार्कीले विपक्षीको संवैधानिक र कानूनी हकअधिकारमा आघात नपारेको जनाउँदै अदालतलाई जबाफ पठाउनुभयो। कार्कीले पनि ऐन र नियममा उल्लिखित व्यवस्थाहरू स्वतन्त्र रहेको तर्क गर्नुभएको छ र रिट खारेजीको माग गर्नुभएको छ। यसअलावा उहाँको थप तर्क छ– "विपक्षी एफएम रेडियो प्रसारण वा प्रसारण संस्थाको आधिकारिक व्यक्तिसमेत नभएको अवस्थामा विपक्षीको हकअधिकारमा आघात पर्ने प्रश्न नै खडा हुन नसक्ने देखिन जानाले विपक्षीलाई सम्मानित अदालतको असाधारण अधिकार क्षेत्र प्रयोग गराई माग्ने हकसमेत नहुँदा निवेदन खारेज गरी पाऊँ।"


ठीक एक महिनापछि २०६२ जेठ ६ गते दोस्रो मुद्दा पऱ्यो । अधिवक्ताद्वय माधवकुमार बस्नेत र सुदीप पौडेलले सो मुद्दा दायर गर्नुभएको थियो । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय; सूचना तथा सञ्चारमन्त्री टङ्क ढकाल; सूचना तथा सञ्चार मन्त्रालय; मध्यमाञ्चल क्षेत्रीय प्रशासक रवीन्द्र चक्रवर्ती र काठमाडौँ उपत्यकाका तीनओटै जिल्ला प्रशासन कार्यालयलाई विपक्षी बनाएर दायर गरिएको रिट निवेदनमा क्षेत्रीय प्रशासन कार्यालयले रेडियोहरूलाई जिल्ला प्रशासन कार्यालयहरूमार्फत आदेश दिने कुराको विरोध गरिएको छ । रिट निवेदनमा सर्वप्रथम राष्ट्रिय प्रसारण ऐन र नियमावलीले क्षेत्रीय प्रशासकलाई त्यस्तो आदेश दिने अधिकार नै नभएको दाबी गरिएको छ । रिट निवेदनमा प्रसारण ऐन र नियमावलीका लागि क्षेत्रीय प्रशासकको हैसियत सामान्य नेपालीको भन्दा कुनै पनि अर्थमा फरक नभएको उल्लेख छ । यसै गरी राष्ट्रिय प्रसारण ऐनकै मातहतमा स्थापित टेलिभिजन च्यानलहरूले समाचार प्रसारण गरिरहेको अवस्थामा विकट जिल्लाहरूमा समाचार र शिक्षामूलक सामग्री प्रसारण गर्ने रेडियो माध्यमहरूलाई पूर्ण प्रतिबन्ध लगाउन नमिल्ने तर्क गरिएको छ ।

रिट निवेदनमा श्री ५ बाट नगरपालिकाहरूको चुनाव निकट भविष्यमै गराउन मन्त्रीपरिषद्लाई हुकुम भइसकेको अवस्थामा धेरैभन्दा धेरै सूचना प्रवाह गर्नुपर्नेमा सूचनाको मुहानै थुन्ने काम गैरकानूनी भएको तर्कसमेत गरिएको छ । यो मुद्दामा जेठ १२ गते सर्वोच्च अदालतका न्यायाधीश मीनबहादुर रायमाझीको एकल इजलासमा सुनुवाइ भयो । अदालतले १५ दिनभित्र लिखित जबाफ पेस गर्न सरकारलाई आदेश दियो । यो रिटको सन्दर्भमा सूचना तथा सञ्चारमन्त्री टङ्क ढकालले सर्वोच्च अदालतलाई पठाउनु भएको लिखित जबाफमा भनिएको छ–

> प्रचलित कानूनको अधीनमा रही यस मन्त्रालयले जारी गरेको उल्लेखित निर्देशनको परिपालना गराउने उद्देश्यले क्षेत्रीय प्रशासन कार्यालयबाट नियमित अनुगमनको सिलसिलामा मात्र उक्त निर्देशनको प्रति प्रदान गर्ने काम भएको तथ्य यससम्बन्धी पत्रबाट खुल्दछ । मन्त्रालयबाट जारी भएको निर्देशनलाई सम्बन्धित ठाउँमा पुऱ्याउन र त्यस्तो निर्देशन कार्यान्वयनमा क्षेत्रीय प्रशासनलगायत जिल्ला प्रशासन कार्यालयबाट भएको कानूनविपरीत छ भन्न सकिँदैन । क्षेत्रीय प्रशासकले निर्देशन नै जारी नगरी मन्त्रालयबाट जारी गरिएको निर्देशनलाई समन्वयकर्ताको रूपमा सम्म रही पत्राचार गरेको हो ।

त्यसको १० दिनपछि कम्युनिकेसन कर्नरका तर्फबाट माघ १९ पछिको तेस्रो मुद्दा सरकारले २०६२ जेठ १६ गते बेहोर्नुपऱ्यो । यसको सञ्चालन अवैधानिक भएकाले बन्द गर्नु पर्ने भन्ने सरकारको निर्देशनविरुद्ध कम्युनिकेसन कर्नरले सर्वोच्च अदालतमा रिट दायर गरेको थियो । रिटमा कम्युनिकेसन कर्नरको सञ्चालन

विधिवत् भइरहेको र विपक्षीहरूको काम, कारबाही र निर्देशन गैरकानूनी एवं अधिकारविहीन रहेको दाबी गर्दै प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सूचना तथा सञ्चार मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालयको प्रशासन शाखा, रक्षा मन्त्रालय र जिल्ला प्रशासन कार्यालयलाई विपक्षी बनाइयो । कम्पनी ऐन



सर्वोच्च अदालत संयुक्त इजलाश
माननीय न्यायाधीश श्री राम प्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री राजेन्द्र कुमार भण्डारी
आदेश

सम्वत २०६२ सालको रीट. नं. ......... ३६९६

विषय :- अन्तरिम आदेश सम्बन्धमा ।

कम्यूनिकेशन कर्नर प्राईभेट लिमिटेडको तर्फबाट गोपाल गुरागाई .......... निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत .............................. बिपक्षी

मुद्दा:- उत्प्रेषण ।

यसमा निवेदक कम्यूनिकेशन कर्ननर समेतको तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता द्वय श्री वासुदेव बुगाना र श्री सिन्धुनाथ प्याकुरेल र विद्वान अधिवक्ताहरु श्री शम्भु थापा, अग्नी खरेल, सतिषकृष्ण खरेल, सुवास नेवाङ्ग, हरीकृष्ण कार्की र पुष्पा भुसालले र विपक्षी सूचना तथा संचार मन्त्रालय समेतको तर्फबाट उपस्थित विद्वान सह न्यायाधीवक्ता श्री सरोज प्रसाद गौतमले गर्नु भएको बहस सुनियो ।

निवेदक कम्यूनिकेशन कर्नर विधिवत दर्ता भै रेडियो यन्त्र बिक्रि वितरण र प्रसारण संस्थालाई उपलब्ध गराउने श्रव्य दृष्य कार्यक्रम समेत निर्माण गर्न पाउने गरी श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयबाट मिति २०६०।८।२ मा विधिवत लाइसेन्स प्राप्त गरी २०६१।५।२४ मा उक्त लाईसेन्स नविकरण समेत गरेको देखिन आयो ।

निवेदक कम्यूनिकेशन कर्नर रेडियो कार्यक्रम प्रशारण गर्ने संस्था भएको नदेखिंदा राष्ट्रिय प्रशारण ऐन २०४९ को दफा ४, ५, ६ अनुसार इजाजत पत्र लिनुपर्ने बाध्यता देखिएन । यस प्रकार विधिवत दर्ता भै सञ्चालन भएको संस्थालाई कानून बमोजिमको प्रक्रिया नअपनाई सूचना तथा सञ्चार मन्त्रालयको एक शाखा अधिकृतको ठाडो पत्रबाट बन्द गर्ने कार्य भएमा निवेदकलाई अपुरणिय क्षेति पुग्न जाने देखिंदा हाल सूचना तथा सञ्चार मन्त्रालयको मिति ०६२।२।१३ च. नं. १४०४ को पत्र कार्यान्वयन नगर्नु नगराउनु, कानूनको परिधि भित्र रहेर काम गर्न दिनु भनि सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१ अनुसार अन्तरीम आदेश जारी गरी दिएको छ । आदेशको जानकारी विपक्षीहरुलाई दिनु ।

न्यायाधीश न्यायाधीश

ईति सम्वत २०६२ साल जेष्ठ २४ गते रोज ३ शुभम् ..............................

तस्बिर ४.८: कम्युनिकेसन कर्नर बन्द नगर्न सर्वोच्च अदालतद्वारा जारी अन्तरिम आदेश ।

२०५३ बमोजिम उद्योग मन्त्रालयअन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भएर चलिरहेको कम्पनीको क्षेत्राधिकारमा अतिक्रमण गर्ने अधिकार सञ्चार मन्त्रालयलाई नभएको कर्नरको दाबी थियो ।

पत्रमा कर्नरले के-कस्तो कसुर अपराधमा कुन कानूनको प्रयोगमा के कस्तो प्रकारको कारबाही वा सजाय गरेको हो त्यो कुरा नलेखिएको र कारबाही गर्नुपर्ने आधार तथा कारणहरूसमेत सरकारले खुलाएको थिएन । यसलाई कर्नरले सहजै

अनधिकृत निकायबाट स्वेच्छाचारी तथा बदनियतपूर्ण ढङ्गबाट जारी भएको निर्देशन भन्दै बदर गर्नुपर्ने माग गऱ्यो । यसका साथै कहाँबाट लेखी आएको भन्ने कुरा पनि पत्रमा खुलाइएको थिएन । यस्तो अवस्थामा सरकारले अवैधानिकताको प्रश्न उठाई कर्नरको सञ्चालन बन्द गर्नु भनी निर्देशन दिनुअगाडि कर्नरलाई कुनै प्रकारको सुनुवाइको मौकासमेत दिइएको थिएन । यसलाई कर्नरले प्राकृतिक न्यायको समेत सिद्धान्त विपरीत भन्ने अडान लियो ।

यसरी स्वतन्त्र ढङ्गबाट सञ्चालित सञ्चार माध्यमको रूपमा लोकप्रिय बन्दै गएको कम्युनिकेसन कर्नरमाथि बदनियत चिताई बन्द गर्न सरकारले जारी गरेको निर्देशन प्रेस स्वतन्त्रता र सूचनासम्बन्धी संवैधानिक व्यवस्थाविरुद्धको प्रहार थियो । जेठ २४ गते न्यायाधीशहरू रामप्रसाद श्रेष्ठ र राजेन्द्रकुमार भण्डारीको संयुक्त इजलासमा यो मुद्दाको सुनुवाइ भयो । इजलासले संस्था बन्द गर्ने कार्य भएमा सम्बन्धित पक्षलाई अपूरणीय क्षति पुग्न जाने तत्काल ठहर गरी बन्द गर्न दिइएको सरकारी आदेश हाल कार्यान्वयन नगर्न सरकारका नाममा अन्तरिम आदेश जारी गऱ्यो । यसका साथै विधिवत् दर्ता भई सञ्चालनमा आइरहेको संस्था कानूनबमोजिमको प्रक्रिया नअपनाई सञ्चार मन्त्रालयको एउटा शाखा अधिकृतको ठाडो पत्रबाट बन्द गर्न नसक्ने अदालतको राय थियो । अदालतले भन्यो– "कम्युनिकेसन कर्नर कार्यक्रम प्रसारण गर्ने संस्था भएको नदेखिँदा राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ४, ५ र ६ अनुसार इजाजतपत्र लिनुपर्ने देखिएन" (हेर्नुहोस् तस्बिर ४.८) । यो आदेशपछि कम्युनिकेसन कर्नर तत्काल बन्द गराउने सरकारी प्रयास विफल भयो ।

चौथो मुद्दा सरकारले अन्धाधुन्ध सर्त तोकेको विरुद्धमा असार १ गते सर्वोच्च अदालतमै दर्ता भयो । सूचना तथा सञ्चार मन्त्रालयले जेठ ३१ गते एफएम प्रसारण संस्था वा व्यक्तिले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य समाचारमूलक कार्यक्रम वा सामग्री प्रसारण गर्न रोक लगाउने गरी तोकेको सर्त विरुद्ध अधिवक्ताद्वय माधवकुमार बस्नेत र सुदीप पौडेलले रिट निवेदन दायर गर्नुभएको थियो ।

उहाँहरूले सरकारी सूचना संविधान र सर्वोच्च अदालतकै नजिर विपरीत भएकोले बदर गर्न माग गर्दै निवेदनमा आफ्ना तर्कहरू पेस गर्नुभएको छ । सरकारी सूचनाले आम नेपालीले सूचना पाउने र विचार अभिव्यक्त गर्ने माध्यमलाई सदाका लागि नै बन्द गरेको प्रस्ट देखिन्थ्यो । त्यति मात्र नभएर यसले नागरिकको संविधानप्रदत्त स्वतन्त्रताको हकसमेत कुण्ठित गरेकोले बदर गर्नुपर्ने रिट निवेदकको माग थियो । यसै गरी संविधानको धारा १३ ले पूर्वप्रतिबन्धलाई असंवैधानिक मानिसकेको र अदालतकै विशेष इजलासले "आम विद्युतीय सञ्चारमाध्यमबाट विचार तथा अभिव्यक्ति प्रदान गर्ने स्वतन्त्रताका सम्बन्धमा

पनि ... प्रेस स्वतन्त्रतासम्बन्धी संवैधानिक प्रत्याभूति समान रूपमा लागू हुन्छ" भन्ने सिद्धान्त प्रतिपादन गरिसकेको अवस्थामा स्थायी सर्तबन्देजलाई चुनौती दिने स्पष्ट आधार २०५८ साउनमा गरेको सर्वोच्च अदालतको फैसला छँदै थियो । उता राष्ट्रिय प्रसारण ऐन २०४९ को प्रस्तावनामा "संविधानप्रदत्त जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई संरक्षण एवं संवर्द्धन गर्न ... तथा सूचना र सञ्चार क्षेत्रमा उपलब्ध आधुनिक प्रविधिको प्रयोग गरी प्रसारणका माध्यमहरूलाई विश्वसनीय, प्रभावकारी एवं सुदृढ बनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका निष्पक्ष एवं आधिकारिक समाचार तथा सूचनाको जानकारी आम जनताले पाउने गरी सूचनाको प्रवाहलाई निर्बाध रूपले प्रसारण गर्न" भन्ने लेखिएको छ । यो पनि सरकारी कदमलाई चुनौती दिने अर्को आधार थियो ।

त्यसबाहेक ऐनकै दफा ११ ले कार्यक्रमका प्राथमिकता तोकेको छ, जसमा विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम भन्ने कतै उल्लेख छैन । बरू यसले ऐनको मूल प्राथमिकता मनोरञ्जन नभएर समाचार र सूचना नै हो भन्ने प्रस्ट देखाउँछ । यो अवस्थामा मातृ ऐनले दिएको अधिकारलाई काम नलाग्ने पार्ने गरी नियममा रहेका "मन्त्रालयले आवश्यक सम्झी तोकिदिएका सर्त पालना गर्नुपर्छ" भन्ने र "मन्त्रालयले समयसमयमा प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू" भन्ने रोक लगाउने व्यवस्था पनि ऐनको मूल उद्देश्यभन्दा विपरीत हुन नसक्ने ठाउँ छोडेकै थियो । यो अवस्थामा रिट निवेदनमा दाबी गरियो– "विपक्षीहरूको सूचनाले जननी ऐन तथा संविधानलाई अप्रत्यक्ष रूपमा संशोधन गर्न पुगेको छ, जुन अधिकार प्रत्यायोजनको सिद्धान्तको समेत विपरीत छ ।" राष्ट्रिय प्रसारण ऐनले समग्रमा केही निश्चित प्रकारका कार्यक्रमलाई मात्र निषिद्ध गरी नकारात्मक वृत्तमा राखेको र बाँकी सबैलाई खुला गरेको भए पनि सरकारले ऐनको उद्देश्यविपरीत सकारात्मक वृत्त तोकेर बाँकी सबै कार्यक्रममा रोक लगाएको हुनाले सरकारी सूचना नै ऐनको उद्देश्य विपरीत र बदरभागी भएको दाबी रिट निवेदकहरूले गर्नुभएको छ ।

२०६२ जेठ ६ गते उहाँहरूले नै दायर गर्नुभएको अघिल्लो मुद्दामा कानूनले नै नदिएको अधिकार सम्बन्धित कानूनले नचिनेको मानिस (क्षेत्रीय प्रशासक) ले प्रयोग गरेको भनी चुनौती दिइसक्नुभएको थियो । सङ्कटकाल सकिएपछि आएको क्षेत्रीय प्रशासकको आदेश बदरभागी हुने अवस्थामा नियमावलीकै अर्को नियम गैरकानूनी र बदनियतसाथ प्रयोग गरी सर्त तोक्ने सूचना जारी गरिएको दाबी गर्दै रिट निवेदनमा भनिएको छ– "विपक्षीले अधिकारको विद्रुप प्रयोग गरेको स्थापित भएको छ । तसर्थ विपक्षीको सूचना अधिकारको विद्रुप प्रयोगको सिद्धान्तसमेतको आधारमा बदरभागी छ ।"

यसरी सरकारी सूचना अपरिमित भएकोले गैरसंवैधानिक र गैरकानूनी तथा सर्वोच्च अदालतका नजिर तथा सिद्धान्तहरू समेतको विपरीत हुने हुनाले बदर गर्नुपर्ने माग रिट निवेदनमा गरिएको थियो । यो मुद्दालाई २०६२ असार ४ गते रामप्रसाद श्रेष्ठको एकल इजलासले अग्राधिकार दियो र १५ दिनभित्र सूचना जारी गर्नुपर्नाको कारण देखाउन सरकारलाई आदेश पनि दियो ।

२०६२ असार ७ गते स्वतन्त्र रेडियोहरूको अधिकारसम्बन्धी पुनः पाँचौं रिट अदालतमा दर्ता भयो । पत्रकार तथा अधिवक्ता नारायणदत्त कँडेलले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय र संसद सचिवालयलाई विपक्षी बनाएर दायर गर्नुभएको यो मुद्दामा पत्रपत्रिकाले पाएको अधिकार स्वतन्त्र रेडियोहरूले पनि पाउनुपर्ने माग गरिएको छ । संविधानको धारा १३ अनुसार कुनै समाचार वा अन्य कुनै सामग्री प्रकाशित गरेबापत सञ्चारमाध्यमको दर्ता खारेज गर्न पाइँदैन । पत्रकारिताको अर्को सशक्त विधा रेडियो पत्रकारिता पनि सञ्चारको सशक्त माध्यम भएको कुरामा दुईमत छैन । जसरी दर्ता खारेज हुने कारणले असुरक्षित महसुस गरी स्वतन्त्र एवं निष्पक्ष समाचार सम्प्रेषण गर्न पत्रपत्रिकालाई बाधा पर्छ, त्यही बाधा सञ्चारको अर्को माध्यम रेडियोलाई पनि पर्छ ।[२६]

यसै गरी अधिवक्ता तथा पत्रकार कँडेलले नै साउन २० गते सर्वोच्च अदालतमा अघिल्लो मुद्दाकै विपक्षीहरूलाई पुनः विपक्षी बनाई छैठौं रिट निवेदन दायर गर्नुभयो । यो रिट निवेदनमा उहाँले राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ७ र छापाखाना र पत्रपत्रिकासम्बन्धी ऐन २०४८ दफा १५ लाई प्रारम्भदेखि नै बदर घोषित गर्न माग गर्नुभएको छ ।[२७] संविधानको धारा १३(१) ले पूर्वप्रतिबन्धको व्यवस्थालाई अस्वीकार गरिसकेको छ । यो धाराको प्रतिबन्धात्मक वाक्यांशमा भएबाहेकका विषयमा प्रतिबन्ध लगाउन नपाइने संवैधानिक मनसायका विपरीत

---

[२६] सर्वोच्च अदालतले २०५८ साउन ११ मा गरेको फैसलामा, संविधानको धारा १३ द्वारा प्रदत्त अधिकार विद्युतीय सञ्चारमाध्यमका हकमा समेत लागू हुने नजिर स्थापित गरेको थियो ।

[२७] राष्ट्रिय प्रसारण ऐनको दफा ७ मा राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एकपटकमा ६ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने व्यवस्था छ । यस्तै छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐन २०४८ को दफा १५(१) मा राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशन गर्न नपाउने गरी वा तोकिएको अधिकारीबाट जाँच गराएर मात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको छ ।

नागरिकका सूचनाको हकविरुद्ध ऐनमा रहेको व्यवस्था असंवैधानिक हुने तर्क रिट निवेदनमा गरिएको छ ।

यसरी स्वतन्त्र रेडियोको अधिकारसँग सम्बन्धित आधा दर्जन मुद्दा अदालतमा विचाराधीन रहेको अवस्थामा सरकारले नेपाल एफएमलाई २०६२ साउन १९ गते आक्रामक पत्र पठाएपछि सातौँ रिट सरकारविरुद्ध थपिन पुगेको थियो । यो रिट निवेदन नेपाल एफएम ९१.८ कल साइन प्रयोग गरी सञ्चालनमा रहेको रेन्बो एफएम प्रालिले *राजधानी खबर* प्रसारण गरेकोमा इजाजतपत्र नै रद्द गर्न सक्ने चेतावनीसहितको सरकारको सात दिने पत्रका विरुद्ध साउन २४ गते दर्ता भएको थियो ।

रिट निवेदनमा सरकारले तोकिदिएका सर्त राष्ट्रिय प्रसारण ऐनको प्रस्तावनामा भएका उद्देश्य विपरीत संविधानप्रदत्त विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको हकमाथि अनुचित नियन्त्रण गर्ने काम हो भन्ने जिकिर गरिएको छ । यसै गरी यो सूचना राष्ट्रिय प्रसारण नियमावलीका कतिपय व्यवस्थाहरूको समेत विरुद्धमा रहेकोले मन्त्रालयको अधिकारक्षेत्रमा नपर्ने दाबी पनि गरिएको छ । यसका साथै कम्पनीको उद्देश्य र सरकारले दिएको इजाजतपत्र[२८] तथा संविधान, ऐन, कानून र मान्य सिद्धान्तको आधारमा समाचार र सूचना प्रसारण गर्ने अधिकार अनियन्त्रित र अकुण्ठित भएको दाबी पनि रिट निवेदनमा गरिएको छ ।

नेपाल एफएमका तर्फबाट उक्त एफएमका प्रबन्ध निर्देशक विष्णुहरि ढकालले दायर गर्नु भएको सो रिटमाथि २०६२ साउन २६ गते न्यायाधीश अनुपराज शर्माको एकल इजलासमा बहस भयो । त्यसै दिन *राजधानी खबर* प्रसारण गरेका नाममा नेपाल एफएमको इजाजतपत्र रद्द गर्ने सरकारी पत्रलाई, कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्‍यो (हेर्नुहोस् तस्बिर ४.९) । आदेशमा भनिएको थियो–

> स्वयं श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय आफैले जारी गरेको राष्ट्रिय प्रसारण नियमावली २०५२ अनुसार निवेदकलाई प्रदान गरेको इजाजतपत्रमा समाचारमूलक कार्यक्रमसमेत प्रसारण गर्न पाउने भनी इजाजतपत्र दिई निवेदकले सोहीबमोजिम लगानीसमेत गरी गराइसकेपछि आफैले जारी गरेको इजाजतको सर्त विपरीत समाचार प्रसारण गर्न रोक लगाउन र त्यस्तो प्रसारण गरेमा इजाजतपत्र रद्द गर्नेतर्फ कारबाही उठाउँदा निवेदकलाई इजाजतपत्रबमोजिम लगानी गरिराखेको कामकारबाहीलाई अवरुद्ध हुने अवस्था तत्काल देखिन आएको र इजाजतपत्र दिइसकेपछि

---

[२८] सूचना तथा सञ्चार मन्त्रालयले रेन्बो एफएम प्रालिका नाममा जारी गरेको इजाजतपत्रको १२ नम्बर बुँदामा 'प्रसारण गरिने कार्यक्रमहरू– समाचारमूलक, मनोरञ्जनात्मक र सूचनामूलक' भन्ने उल्लेख छ ।

> श्री ५ को सरकारले सम्पूर्ण समाचार प्रसारणमा नै रोक लगाउन पाउने हो वा तोकेको समाचार मात्र रोक लगाउन पाउने हो त्यस सम्बन्धमा लिखित जबाफ आएपछि निर्क्योल गरिने विषय भएको तर कानूनबमोजिम इजाजतपत्र रद्द नभएसम्म इजाजतपत्रबमोजिमको कार्य रोकेमा निवेदकलाई अपूरणीय क्षति नै हुने देखिँदा यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकको इजाजतपत्र रद्द गर्ने कुनै कारबाही नगर्नू नगराउनू भनी अन्तरिम आदेश जारी गरिएको छ ।


साथै आदेशमा एफएमबाट हुने समाचारले जनताको सुसूचित हुने हकलाई व्यापक असर पर्नेसमेतको विषय हुँदा लिखित जबाफ प्राप्त भएपछि वा अवधि नाघेपछि अविलम्ब अग्राधिकार दिई सुनुवाइको लागि पेस गर्नू पनि भनिएको छ । यसले एफएम रेडियो समाचार प्रसारणका माध्यम हुन् र जनताको सुसूचित हुने अधिकारको सेवा गर्छन् भन्ने कुरालाई पनि स्थापित गरिदिएको छ ।

सर्वोच्च अदालतको त्यस आदेशको सबै क्षेत्रबाट तत्काल स्वागत गरियो । आदेशको भोलिपल्टैदेखि नेपाल एफएमले २०६२ साउन २७ गतेदेखि बिहान ६:०० बजे पत्रपत्रिकाहरूले छापेका देशविदेशका खबर समेटिएको *नेपाल डायरी* समेत सुरु गऱ्यो ।

यो आदेशको भोलिपल्टै (२०६२ साउन २७) देखि देशका विभिन्न १६ ओटा एफएम रेडियो स्टेसनहरूले समाचार तथा समाचारमूलक कार्यक्रम प्रसारण गरेको जानकारी स्वतन्त्र रेडियो बचाउ आन्दोलनले प्रेस विज्ञप्तिमार्फत दियो । यसपछि क्रमशः अरू रेडियोहरूले पनि यस्ता कार्यक्रम प्रसारण गर्न थाले । सरकारलाई भने त्यो कुरा सह्य भएन । नेपाल एफएम ९१.८ को इजाजतपत्र रद्द गर्न पाउनुपर्ने माग दाबी गर्दै सरकारले २०६२ भदौ ६ गते सर्वोच्च अदालतमा निवेदन दर्ता गरायो । सूचना तथा सञ्चार मन्त्रालयले यो निवेदन भदौ ५ गते महान्यायाधिवक्ताको कार्यालयमा पठाएको थियो र त्यसको भोलिपल्ट मन्त्रालयका तर्फबाट महान्यायाधिवक्ताको कार्यालयले अदालतमा दर्ता गराएको थियो । निवेदनमा सर्वोच्च अदालतको अन्तरिम आदेश संविधान र कानून विपरीत भएको दाबी गर्दै अदालतको आदेश नै खारेज गर्न मागसमेत गरिएको छ । मन्त्रालयले सर्त नमान्ने प्रसारण संस्थाहरूलाई कारबाही गर्न पाउने आफ्नो अधिकार भएको दाबी निवेदनमा गरेको छ ।

मन्त्रालयका तत्कालीन सचिव लोकमानसिंह कार्कीले हस्ताक्षर गर्नुभएको निवेदनमा नेपाल एफएम ९१.८ कलसाइन प्रयोग गरेर सञ्चालन हुँदै आएको रेन्बो एफएमविरुद्ध चालिएको कारबाही रोक्ने अदालतको अन्तरिम आदेश फुकुवा गर्न माग गरिएको छ । सरकारी निवेदनमा नेपाल एफएमले इजाजतपत्रको माध्यमबाट

पाएको सिर्जित हक भनेको प्रचलित कानूनबमोजिमसम्म उपभोग गर्न पाउने हो भन्दै समाचारमूलक कार्यक्रम प्रसारण गर्न रोक लगाउनु कानूनी छ भन्ने दाबी गरिएको छ । यो निवेदन उपर भदौ ८ गते सर्वोच्चमा छलफल भयो । नेपाल एफएमको इजाजतपत्र रद्द गर्ने प्रकिया अगाडि नबढाउन दिएको अन्तरिम आदेश



सर्वोच्च अदालत
काठमाडौं

सर्वोच्च अदालत एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री अनूप राज शर्मा
आदेश
सम्वत् २०६२ सालको रिट नं.२५४८

विषय:- उत्प्रेषण ।

[illegible] को तर्फबाट [illegible] -------------------------------------१ निवेदक

विरुद्ध

श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय समेत-------------------------१ विपक्षी

यसमा के कसो भएको हो, निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र [illegible] महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षी [illegible] जिल्ला अदालत मार्फत सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनु । साथै अन्तरिम आदेशको माग भएको सम्बन्धमा विचार गर्दा निवेदकलाई राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ४ बमोजिम इजाजत पत्र नं.एफ १०५-०६०-५८४ को इजाजत पत्र श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयबाट जारी गरेको देखिन आयो । सो शर्तको नं.१२ मा प्रसारण गरिने कार्यक्रमहरु भनी समाचार मूलक, मनोरञ्जनात्मक र सूचना मूलक भनी स्पष्ट तोकिएको देखिन्छ । स्वयं श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय आफैले जारी गरेको राष्ट्रिय प्रसारण नियमावली २०५२ अनुसार निवेदकलाई प्रदान गरेको इजाजत पत्रमा समाचार मूलक कार्यक्रम समेत गर्ने प्रसारण पाउने भनी इजाजत पत्र दिई निवेदकले सोही बमोजिम लगानी समेत गरी सकेपछि आफैले जारी गरेको इजाजतको शर्त विपरीत समाचार प्रसारण गर्न रोक लगाउन र त्यस्तो प्रसारण गरेमा इजाजत पत्र रद्द गर्ने तर्फ कारवाही उठाउँदा निवेदकलाई इजाजत पत्र बमोजिम लगानी [illegible] गरी गरेको काम कारवाहीलाई अवरुद्ध हुने अवस्था तत्काल देखिन आएको र इजाजत पत्र दिई सके पछि श्री ५ को सरकारले सम्पूर्ण समाचार प्रसारणमा नै रोक लगाउन पाउने हो वा [illegible] समाचार मात्र रोक लगाउन पाउने हो सो सम्बन्धमा लिखित जवाफ आए पछि निरुपण गरिने विषय भएको तर कानून बमोजिम इजाजत पत्र रद्द नभए समम इजाजत पत्र बमोजिमको कार्य रोकेमा निवेदकलाई अपूरणीय क्षति हुने नै देखिंदा यो रिटको अन्तिम टुंगो नलागे समम निवेदकको इजाजत पत्र रद्द गर्ने कुनै कारवाही नगर्नु नगराउनु भनि अन्तरिम आदेश जारी गरिएको छ । साथै एफ.एम.बाट हुने प्रसारणले जनताको सुसुचित हुने हकलाई व्यापक असर पर्ने समेतको विषय हुंदा लिखित जवाफ प्राप्त भए पछि वा अवधि नाघे पछि अग्राधिकार दिई सुनुवाईको लागि पेश गर्नु ।

[illegible]
न्यायाधीश

इति सम्वत् २०६२ साल श्रावण २६ गते रोज ४ शुभम्-------------------------------

तस्बिर ४.९: सरकारले नेपाल एफएमलाई दिएको निर्देशनविरुद्ध सर्वोच्च अदालतद्वारा जारी अन्तरिम आदेश ।

बदरका लागि सरकारी पक्षबाट दायर निवेदनमाथि सुनुवाई गर्न सर्वोच्च अदालतले नेपाल एफएमलाई बोलायो ।

न्यायाधीश खिलराज रेग्मी र परमानन्द झाको संयुक्त इजलाशले विपक्षीलाई समेत राखी सुनुवाई गरी निष्कर्षमा पुग्न उपयुक्त देखिँदा त्यसका लागि नेपाल एफएमलाई सूचना दिन आदेश दियो र पत्र पाएको सात दिनभित्र उपस्थित हुन

नेपाल एफएमलाई त्यस दिन पत्र काटियो । सुनुवाइका क्रममा इजलाशबाट न्यायाधीश खिलराज रेग्मीले भन्नुभयो– “सरकारी पक्षको मात्र बहस सुनेर आदेश दिन नमिल्ने र त्यसरी आदेश दिँदा पूर्वाग्रही हुनसक्ने देखिन्छ, त्यसैले विपक्षीलाई पनि झिकाउँदा उपयुक्त हुन्छ ।” अन्ततः २०६२ भदौ २३ गते नेपाल एफएम ९१.८ ले समाचार प्रसारण गर्न पाउने गरी दिएको अन्तरिम आदेश खारेज गर्न अदालतले अस्वीकार गरिदियो । तत्कालीन सञ्चारसचिव लोकमानसिंह कार्कीले अन्तरिम आदेश खारेज गर्न माग गर्दै दिनु भएको निवेदनमा बहस गर्न सरकारी वकीलहरूलाई अनुमति नदिएर अदालतले सरकारी मागलाई अस्वीकार गरिदिएको हो ।

रेडियो समाचारको पक्षमा अदालतको निर्णय आएपछि कतिपयले भने यसलाई सहन सकेनन् । फलतः रेडियो आन्दोलन मात्र नभएर रेडियो अधिकारको पक्षमा अन्तरिम आदेश दिने अदालतको समेत कटु आलोचक देखा परे । यस क्रममा कतिपयले रेडियो आन्दोलनसँग सम्बद्ध व्यक्तिहरूको विरोध गरे भने कतिपयले रेडियोबाट समाचार प्रसारण गरिने विषयमाथि नै आक्रमण गरे । सरकारद्वारा सञ्चालित *गोरखापत्र* दैनिकले त रेडियो आन्दोलन र रेडियो अधिकारको विपक्षमा माघ १९ को लगत्तैदेखि ‘जनबोली’ शीर्षक स्तम्भ नै सञ्चालन गरेर शृङ्खलाबद्ध रूपमा अनेकौँ आरोप लगाउने प्रचारबाजी चलाउँदै आएको थियो । कतिपय निजी क्षेत्रबाट सञ्चालित अखबारले पनि *गोरखापत्र*को बोलीमा लोली मिलाउने गरेका थिए । यस क्रममा सर्वोच्च अदालतको अन्तरिम आदेशलाई *राष्ट्रिय जनमञ्च* साप्ताहिकले पहिलो पृष्ठमा ‘सर्वोच्चमा गोरु ब्यायो’ शीर्षकमा समाचार छापेर न्यायाधीशहरूलाई समेत आरोपित गर्ने काम गर्‍यो । समाचारमा अन्तरिम आदेश जारी गर्ने न्यायाधीश अनुपराज शर्मा काङ्ग्रेस खेमाका न्यायाधीश भएको र राजनीतिबाट प्रभावित भएर राजनीतिक रङ्ग दिएर अन्तरिम आदेशको निर्णय भएको जस्ता आरोप लगाउँदै यो निर्णयले न्यायाधीश शर्मालाई ‘शुभलाभ’ भएको समेत लेखिएको थियो (राष्ट्रिय जनमञ्च २०६२) ।

यसरी रेडियो अधिकारको पक्षमा सातओटा मुद्दा अदालतमा विचाराधीन रहेकै बेला रेडियोलाई समाचार प्रसारणको अधिकार दिन नहुने र अदालतको अन्तरिम आदेशका कारण रेडियोले पाएको अधिकारसमेत शून्य करार गरिनुपर्ने माग गर्दै सरकार स्वयं अदालतमा पुगेको छ । यसका साथै अदालतको निर्णयप्रति विश्वास नगर्ने र चित्त नबुझ्दो निर्णयका विरुद्ध अदालतकै सम्मानमा आघात पुर्‍याउने पनि समाजमा देखा परेका छन् । तर रेडियोको अधिकार र अदालतको मर्यादालाई अकुण्ठित राख्नुपर्ने चिन्तनसहित संवैधानिक सर्वोच्चताको सिद्धान्त र

व्यवहारलाई अनुशरण गर्दै अदालत नै जाने परिपाटी रेडियो आन्दोलनको सन्दर्भमा पनि देखा परेको छ ।

अन्ततः सबैखाले आन्दोलनको उपलब्धिभन्दा न्याय निरूपणको मार्गद्वारा रेडियोले अधिकार प्राप्त गर्ने उपाय सर्वाधिक सशक्त देखिएको छ । यद्यपि रेडियो अधिकारका लागि गरिएको आन्दोलनकै एउटा हिस्सा हो- अदालतको ढोका ढकढक्याउनु पनि ।

## निष्कर्ष

नेपाल अधिराज्यको संविधान २०४७ ले नागरिकको विचार र अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकलाई प्रत्याभूत गरिदियो । त्यसपछि यही संविधानको आधारमा राष्ट्रिय प्रसारण ऐन २०४९ लागू गरियो । नेपालमा स्वतन्त्र रेडियो प्रसारणका लागि यी दुई आधार बलिया खम्बा बनेर बसे । तर त्यसपछि भने एफएम रेडियोप्रति राज्य सधैं नै अनुदार रहिरह्यो । स्वतन्त्र रेडियोले आफ्नो प्रसारणमा समाचारलाई समावेश गर्न थालेपछि राज्य पक्षको तारो बन्न पुगे । विभिन्न नियमावली र निर्देशनमार्फत तिनको दायरा खुम्च्याउनेतर्फ राज्य जोडतोडले लाग्यो । २०५७ सालमा सरकारले जारी गरेको स्वतन्त्र समाचार प्रसारणमा बाधा पुऱ्याउने निर्देशन सर्वोच्च अदालतले २०५८ साउन ११ गते अवैधानिक भनी खारेज गरेको थियो । त्यसपछि एफएम रेडियोले फेरि पखेटा फैलाउन पायो । २०६१ माघ १९ पछि भने निकै जटिल परिस्थितिबाट स्वतन्त्र रेडियो गुज्रिरहेका छन् ।

"स्वतन्त्र सञ्चार क्षेत्र प्रजातन्त्रको चेतना वृद्धि गर्ने माध्यम हुन्" भन्ने २०६१ माघ १९ को शाही घोषणापछि पहिलो शिकार स्वतन्त्र रेडियोलाई बनाइयो । केन्द्रदेखि स्थानीय स्तरसम्म स्वेच्छाचारी किसिमले बन्द गराइएका यी रेडियोहरूका समाचार प्रसारण गर्ने अधिकारमाथि अन्ततः प्रतिबन्ध लगाइयो । सुरुका सात दिन एफएम स्टेसनहरू २४ सै घण्टा सैन्य कब्जामा रहे । सैनिकहरूले पटकपटक कार्यक्रम उत्पादक तथा स्टेसनका पदाधिकारीहरूलाई धम्क्याए । काठमाडौं उपत्यकाबाहिरको स्थिति अझ बढी त्रासद् रह्यो । झूटो आरोपसहित सैनिकको धम्की, कार्यक्रमको रेकर्ड अग्रिम रूपमा सेनाको ब्यारेकमा बुझाएर प्रसारणको स्वीकृति लिनुपर्ने प्रावधान, गीतबाहेक केही प्रसारण नगर्ने अन्यथा सम्पूर्ण प्रसारण नै बन्द गरिदिने आदेश, सेनाद्वारा स्टेसनमा तालाबन्दी, आदि आदि दमन राजधानीबाहिरका स्वतन्त्र रेडियोहरूले बढी बेहोरे । समाचार प्रसारण गरे राज्यको शिकार हुनुपर्ने र नगरे माओवादीको शिकार हुनुपर्ने दशा स्वतन्त्र रेडियोहरूमाथि आइलाग्यो ।

सरकारले स्वतन्त्र रेडियोको घाँटी निमोठ्न चरणबद्ध रूपमा विभिन्न दमनकारी उपाय अपनायो । माघ १९ गतेदेखि नै स्टेसनमा सैनिकमार्फत ठाडो हस्तक्षेप गऱ्यो । त्यसपछि अनेक आदेशमार्फत तर्साउने, धम्क्याउने र स्वतन्त्र रेडियोको दायरा सीमित गरिदियो । स्वतन्त्र रेडियोहरू स्वयंले आर्जन गरेको लोकप्रियता समाप्त गरिसकेपछि र बजारबाट उठ्ने विज्ञापनमा व्यापक कटौती गर्न सफल भएपछि 'सरकारी विज्ञापनमा एकद्वार प्रणालीसम्बन्धी नीति २०६२' ल्याएर रेडियोलाई सरकारी विज्ञापन नै नदिने उपाय अवलम्बन गऱ्यो । अन्ततः स्वतन्त्र रेडियोका कानूनी आधार नै समाप्त गर्ने ध्येयले असंवैधानिक तवरले सरकारले 'सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश २०६२' ल्यायो ।

एफएम रेडियोमाथि भएको यस्तो दमनप्रति स्वदेशी पत्रकार र सञ्चारसम्बद्ध संघ संस्थादेखि विदेशी सञ्चारविद् र सञ्चारसम्बन्धी संस्थाहरूले विरोध र चिन्ताका स्वरहरू निरन्तर उठाइरहे । सुरूदेखि नै चारैतिरबाट विरोध भइरहे पनि सरकारले आफ्नो असंवैधानिक चरित्र देखाउन छोडेको भने पाइँदैन । सरकारलाई ज्ञापन पत्र दिनेदेखि जुलुस, नाराबाजी नै गर्ने सडक आन्दोलन पत्रकारको संघर्षको सबैभन्दा सशक्त रूप थियो । यसक्रममा राजालाई नै भेटेर पनि एफएम रेडियोले भोग्नुपरेको कुण्ठा सुनाउने र लेखेर दिने काम पनि भए । यसबीचमा सडक समाचारवाचन अत्यन्त लोकप्रिय र प्रभावकारी भयो । न्यायको पुकारा गरेर रेडियोकर्मी र स्वतन्त्र रेडियोका पक्षपातीहरू मुद्दा लिएर सर्वोच्च अदालतमा जाने काम पनि रेडियो अधिकारका लागि गरिएको आन्दोलनकै एउटा हिस्सा हो । अदालतको अन्तरिम आदेशपछि नै स्वतन्त्र रेडियो स्टेसनहरूले फेरि समाचार तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्न पाएका थिए ।

देशभित्रका नागरिक समाज, मानवअधिकारकर्मी र पेशाव्यावसायीले महत्त्वपूर्ण समर्थन दिएर आन्दोलनलाई अघि बढाए । त्यत्तिकै अर्को महत्त्वपूर्ण उर्जा थियो- अन्तर्राष्ट्रिय समर्थन । वक्तव्य निकाल्नेदेखि मिसन खटाउनेसम्मका अन्तर्राष्ट्रिय समुदायको प्रयासले नेपालको सञ्चार स्वतन्त्रता र सबैभन्दा मारमा परेको रेडियो अधिकारको लागि चलेको आन्दोलनमा ठूलो उर्जा दिए । संसारमा कहीँ पनि एफएम रेडियोले समाचार प्रसारण गर्दैनन् भन्ने सरकारी भनाइहरूको स्वतन्त्र सञ्चारका हिमायतीहरूले विश्वव्यापी रूपमा तथ्यसहित खण्डन गरे ।

रेडियोका श्रोता र व्यवस्थापनलाई समाचारको टक कायम रहेको देखियो । यसले रेडियो पत्रकारिता प्रवर्द्धनका लागि उर्जाको काम गर्ने तर रेडियोलाई टिकाउने मामिलामा योगदान गर्न नसक्ने पनि देखियो । माघ १९ पछि स्वतन्त्र रेडियोहरूमाथि हमला गर्ने राज्य र विद्रोही दुवै आ-आफ्ना रेडियोको क्षमता

बिस्तार गर्दै थिए । यसरी राज्य र विद्रोही दुवै पक्ष रेडियोलाई आम सञ्चारका माध्यम नभएर प्रशस्ती गायनका माध्यमको रूपमा मात्र प्रयोग गर्न लागिपरे ।

रेडियो प्रसारकहरू राज्यको यो दमनकारी प्रणालीभित्र निर्बल, निस्तेज र निरीह देखिए । ती आफ्नो व्यवसायप्रति गौरव गर्न नसक्ने मानसिकतामा पुगे । रेडियो समाचारकै हकमा पनि उनीहरूले समाचारलाई 'समाचार' नभनी अरू नै नामबाट प्रसारण पनि गरे तर त्यसको प्रभावकारिता अपेक्षित देखिएन । यसबीचमा कतिपय प्रसारकहरूले माघ १९ पछि निष्कासित पत्रकारलाई पुनर्बहाली गर्ने निर्णय पनि गरे । यो सकारात्मक प्रयासले रेडियो पत्रकारहरूलाई रेडियो आन्दोलनमा गोलबन्द गर्न र विश्वासको वातावरण तयार गर्नमा भूमिका खेल्यो तर यो प्रवृत्ति संस्थागत र दिगो रूपमा देखा परेन । प्रसारकहरू सहज हुँदा समाचारलाई लोकप्रियताको लागि 'बिकाउ वस्तु' को रूपमा उपयोग गर्ने तर जटिलता आउनेबित्तिकै पत्रकारविहीन रेडियो चलाउने प्रवृत्तिका देखिए ।

स्थानीय गतिविधिसमेत स्थानीय रेडियोले भन्न नपाउने भएपछि रेडियोप्रति नागरिकको सद्भाव र स्नेह घट्ने सम्भावना देखिएको छ। यसैले रेडियोको जनसम्पर्क पनि अभूतपूर्व रूपमा घटेको छ । निश्चित क्षेत्रलाई लक्षित गरेर तयार पारिएका रेडियोका कार्ययोजनाहरू अपूरा भएका छन् । लक्षित क्षेत्रका सामुदायिक लगानीको नोक्सानी भएको छ। जनचेतना बिस्तार गर्नुपर्ने रेडियोको प्रमुख अभिष्ट नै पूरा हुन सकेको छैन ।

समग्रमा देशभरिका रेडियोको अवस्थालाई हेर्दा माघ १९ पछि रेडियोप्रति श्रोताको आकर्षण र श्रोता सङ्ख्या घटेको छ । यसबीचमा विज्ञापन पाउने क्रम घटेको मात्र छैन, रेडियोलाई दिइसकेको विज्ञापन पनि फिर्ता लगिएको छ । यसले एफएम स्टेसनको आम्दानीमा प्रतिकूल असर पारेको छ। शाही कदमपछि पत्रकारहरू बेरोजगार भएका छन् र यो क्रम बढ्दो छ । साथै सञ्चारकर्मीहरूले थप असुरक्षित महसुस गरेका छन्। उनीहरूको उत्साह र मनोबल घटेको र मानसिक पीडा बढेको छ । समग्रमा रेडियो पत्रकारिताको अस्तित्व नै खतरामा परेको छ ।

सरकारी पक्षको भनाइमा माओवादीलाई बढी प्रेरणा मिल्ने भएकाले स्वतन्त्र रेडियोहरूमा समाचार बन्द नै गर्नु उचित हो भन्ने तर्क भेटिन्छ । यदि वास्तवमा मुलुक सङ्कटमा नै परेको हो भने सङ्कट समाप्त पार्नुको अर्थ रेडियो समाचार समाप्त पार्नु हो भन्ने निष्कर्ष निस्कन सक्दैन । यसबाहेक पनि सङ्कट र विपत्तिसँग सामना गर्नका लागि स्वतन्त्र रेडियो पनि सशक्त माध्यम हुन सक्छन् । तर यो तथ्यलाई राज्यले सदैव अस्वीकार गर्नु र शत्रुतापूर्ण व्यवहार जारी राख्नुले

रेडियोप्रतिको अविश्वास मात्र देखाउँदैन; स्वतन्त्र रेडियोलाई जिम्मेवार हुनसमेत नदिएको देखाएको छ । एफएम सुनेर देश दुनियाँ बुझ्न चाहने र वर्तमानका समस्यालाई बुझ्न खोज्ने गम्भीर र सचेत प्रवृत्तिका विरुद्ध यो ठूलो घात हो । नेपालमा यस किसिमको रेडियोको सुरुआत, विकास र बिस्तार भएको क्रमलाई हेर्दा समाचार र एफएम रेडियोबीचका अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ । हो, यसबाट नकारात्मक तरङ्ग र गलत सन्देश फैलाउने र दुराशयपूर्ण मानसिकता विकास गर्ने सामग्री पनि प्रवाहित हुने सम्भावना हुन्छ तर पेसागत मर्यादा तथा संहिताले वा समाचार बजार स्वयंले यसमा सन्तुलन ल्याउन सक्ने हुनाले सम्भावनाका कारण समाचारलाई रोक्नुपर्दैन । त्यसरी रोक्नु मुख्य समस्याहरूप्रति आँखा चिम्लेर समस्या नै छैन भन्ठान्ने सुतुरमुर्ग प्रवृत्तिभन्दा पृथक होइन, जुन नागरिकहरूमाथि शासनारुढ राज्य सञ्चालकहरूका निम्ति सर्वथा लज्जास्पद विषय हो ।

## अध्ययनका क्रममा सम्पर्क गरिएका व्यक्तिहरू

| | | |
|---|---|---|
| १. | अग्नि खरेल | अधिवक्ता, नेपाल बार एसोसिएसन |
| २. | डा. अब्दुल खान | युनेस्को |
| ३. | अर्जुन भट्टराई | नेपाल पत्रकार महासङ्घ |
| ४. | अष्टमान महर्जन | पर्यावरण चक्र एफएम, ललितपुर |
| ५. | इम्तियाज आलम | दक्षिण एसियाली स्वतन्त्र पत्रकार सङ्गठन (साफ्मा) |
| ६. | उदय घिमिरे | कम्युनिकेसन कर्नर |
| ७. | डा. एग्नेस क्यालामार्ड | आर्टिकल नाइन्टिन |
| ८. | कनकमणि दीक्षित | हिमाल मिडिया |
| ९. | कपिल काफ्ले | *राजधानी* दैनिक |
| १०. | कुन्द दीक्षित | *नेपाली टाइम्स* साप्ताहिक |
| ११. | केदार अधिकारी | *नेपाल समाचारपत्र* दैनिक |
| १२. | केबी खत्री | नेपाल पत्रकार महासङ्घ |
| १३. | क्रिष्टोफर वारेन | अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ |
| १४. | कृष्णप्रसाद दाहाल | सप्तकोशी एफएम, इटहरी |
| १५. | गुणाकर अर्याल | रेडियो मदनपोखरा, पाल्पा |
| १६. | गोकुल पोखरेल | राष्ट्रिय मानवअधिकार आयोग |
| १७. | गोपाल गुरागाईं | प्रबन्ध निर्देशक, कम्युनकेसन कर्नर |
| १८. | गोपाल थपलिया | दक्षिण एसियाली स्वतन्त्र पत्रकार सङ्गठन (साफ्मा), नेपाल च्याप्टर |
| १९. | घमराज लुइँटेल | रेडियो सगरमाथा/स्वतन्त्र रेडियो बचाउ आन्दोलन |
| २०. | चन्द्र भण्डारी | कञ्चनजङ्घा एफएम, झापा |
| २१. | चिरञ्जीवी खनाल | नेपाल प्रेस इन्स्टिच्यूट |
| २२. | ज्याक्लिन पार्क | अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ |

| | | |
|---|---|---|
| २३. | टङ्क ढकाल | सूचना तथा सञ्चारमन्त्री |
| २४. | टर्बेन क्रोघ | इन्टरनेशनल मिडिया सपोर्ट (आइएमएस) |
| २५. | टीकाराम भट्टराई | अधिवक्ता, नेपाल बार एसोसिएसन |
| २६. | टीपी भुसाल | रुपन्देही एफएम, बुटवल |
| २७. | डम्बरकृष्ण श्रेष्ठ | पत्रकार, धरान |
| २८. | तारानाथ दाहाल | पूर्व सभापति, नेपाल पत्रकार महासङ्घ |
| २९. | दधिराम सुवेदी | रेडियो स्वर्गद्वारी, दाङ |
| ३०. | दिनेश त्रिपाठी | अधिवक्ता, नेपाल बार एसोसिएसन |
| ३१. | दीपेन्द्र चौहान | रेडियो वीरगञ्ज, वीरगञ्ज |
| ३२. | देवराज हुमागाईं | मार्टिन चौतारी |
| ३३. | देवेन्द्र चुडाल | पत्रकार |
| ३४. | नारायणदत्त कँडेल | अधिवक्ता तथा पत्रकार |
| ३५. | निर्मल अर्याल | रेडियो एचबीसी |
| ३६. | पी खरेल | नेपाल प्रेस इन्स्टिच्यूट |
| ३७. | पुरुषोत्तम दाहाल | पत्रकार तथा मानवअधिकारवादी |
| ३८. | पोषण केसी | नेपाल पत्रकार महासङ्घ |
| ३९. | प्रत्यूष वन्त | मार्टिन चौतारी |
| ४०. | प्रदीप घिमिरे | मानव अधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस) |
| ४१. | प्रभात रिमाल | कान्तिपुर एफएम, ललितपुर |
| ४२. | बद्रीप्रसाद शर्मा | धवलागिरि एफएम, बाग्लुङ |
| ४३. | भगीरथ योगी | मानव अधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस) |
| ४४. | भरत शाक्य | इमेज एफएम, काठमाडौँ/काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च |
| ४५. | भारतदत्त कोइराला | मिडिया सर्भिसेज इन्टरनेसनल |
| ४६. | भिन्सेन्ट ब्रोस्सेल | रिपोर्टर्स विदाउट बोर्डर्स |
| ४७. | भीमार्जुन आचार्य | अधिवक्ता, नेपाल बार एसोसिएसन |
| ४८. | भुवन खत्री | नेपाल पत्रकार महासङ्घ |
| ४९. | महेन्द्र विष्ट | महासचिव, नेपाल पत्रकार महासङ्घ |
| ५०. | माधवकुमार बस्नेत | अधिवक्ता, नेपाल बार एसोसिएसन |
| ५१. | माधव नेपाल | बुटवल एफएम, बुटवल |
| ५२. | मार्सेलो सोलेभिसेन्स | सामुदायिक रेडियोहरूको विश्व सङ्गठन (अमार्क) |
| ५३. | मोहन चापागाईं | रेडियो लुम्बिनी, मणिग्राम, रुपन्देही |
| ५४. | मोहन विष्ट | रेडियो सगरमाथा, ललितपुर |
| ५५. | रघु मैनाली | अध्यक्ष, स्वतन्त्र रेडियो बचाउ आन्दोलन |
| ५६. | रवि हाडा | भक्तपुर एफएम, भक्तपुर |
| ५७. | राजकुमार भट्टराई | नेपाल विज्ञापन एजेन्सी सङ्घ |
| ५८. | राजेन्द्र खेतान | नेपाल उद्योग परिसङ्घ |
| ५९. | राधेश्याम अधिकारी | अधिवक्ता, नेपाल बार एसोसिएसन |
| ६०. | रामकृष्ण रेग्मी | पत्रकार |
| ६१. | रामप्रसाद दाहाल | पत्रकार |
| ६२. | लक्ष्मणप्रसाद अर्याल | पूर्व न्यायाधीश, सर्वोच्च अदालत |

| | | |
|---|---|---|
| ६३. | लक्ष्मी मूर्ति | अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ |
| ६४. | लवदेव ढुङ्गाना | पत्रकार, पाँचथर |
| ६५. | लोकमानसिंह कार्की | पूर्व सचिव, सूचना तथा सञ्चार मन्त्रालय |
| ६६. | विकास भट्टराई | *नेपाल समाचारपत्र* दैनिक |
| ६७. | विनयकुमार कसजू | मिडिया सर्भिसेज इन्टरनेसनल |
| ६८. | विपुल पोखरेल | पत्रकार, दाङ |
| ६९. | विमलबाबु खत्री | राष्ट्रिय मानवअधिकार आयोग |
| ७०. | विष्णु निष्ठुरी | सभापति, नेपाल पत्रकार महासङ्घ |
| ७१. | विष्णुहरि ढकाल | महासचिव, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (ब्यान) |
| ७२. | शम्भु थापा | अध्यक्ष, नेपाल बार एसोसिएसन |
| ७३. | शिव गाउँले | नेपाल पत्रकार महासङ्घ |
| ७४. | शिवप्रसाद घिमिरे | नेपाल एफएम, काठमाडौँ |
| ७५. | शिवलाल मल्ल | अध्यक्ष, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (ब्यान) |
| ७६. | शेषराज खतिवडा | नेपाल पत्रकार महासङ्घ |
| ७७. | श्रीराम पौडेल | कान्तिपुर एफएम |
| ७८. | श्रीराम सुवेदी | पत्रकार |
| ७९. | सतीशकृष्ण खरेल | अधिवक्ता, नेपाल बार एसोसिएसन |
| ८०. | सन्देशदास श्रेष्ठ | कोशी एफएम, विराटनगर |
| ८१. | समीर नेपाल | मनकामना एफएम, हेटौँडा |
| ८२. | सरू सुवेदी | मिडिया सर्भिसेज इन्टरनेसनल |
| ८३. | सरोज दाहाल | बीबीसी नेपाली सेवा |
| ८४. | सहन प्रधान | सिनर्जी एफएम, चितवन |
| ८५. | सावन डब्लु क्रिस्पिन | कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (सीपीजे) |
| ८६. | सुदीप पाठक | राष्ट्रिय मानवअधिकार आयोग |
| ८७. | सुनन्द देशप्रिया | पत्रकार, श्रीलङ्का |
| ८८. | सुनिल न्यौपाने | सप्तकोशी एफएम, विराटनगर |
| ८९. | सुमन बस्नेत | सामुदायिक रेडियोहरूको विश्व सङ्गठन (अमार्क) |
| ९०. | सुरेन्द्रमान प्रधान | पत्रकार, पालुङ |
| ९१. | सुरेश आचार्य | स्वतन्त्र रेडियो बचाउ आन्दोलन |
| ९२. | हरि सापकोटा | विजय एफएम, नवलपरासी |
| ९३. | हिमनिधि लौडारी | पत्रकार, पोखरा |
| ९४. | हुसेन नाकी | दक्षिण एसियाली स्वतन्त्र पत्रकार सङ्गठन (साफ्मा) |
| ९५. | हेमबहादुर विष्ट | मिडिया सर्भिसेज इन्टरनेसनल |
| ९६. | हेमराज ज्ञवाली | कान्तिपुर पब्लिकेशन्स् |